# जनकपुरधाम २१००

## आवधिक रणनीतिक विकास योजना (२०७७-८२)



२०७७ आश्विन


**जनकपुरधाम उपमहानगरपालिका**


स्टेशन रोड, जनकपुरधाम – २, धनुषा नेपाल

सम्पर्क फोन नः ९७७-०४१- ५२०५२०

फैक्स नः ९७७-०४१-५२०५१०

email: info@janakpurmun.gov.np, Janakpursms@gmail.com

web: www.janakpurmun.gov.np




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं.:-

फोन नं. ५२०५२०, ५२०१४६
फ्याक्स नं. ५२०५१०


## मन्तव्य



विक्रम सम्वत् २०७२ सालमा नयाँ संविधान जारी भई मुलुकले संघीय राज्यप्रणाली अवलम्वन गरेपश्चात् भएको शासकीय पुन:संरचनाका क्रममा जनकपुर नगरी "जनकपुरधाम उपमहानगरपालिका" को तहमा स्तरोन्नति हुनुका साथै हालै घोषित मधेस प्रदेशको राजधानी तथा संघीयतालाई संस्थागत गर्ने राजनीतिक विचारधाराको संवाहकका रुपमा स्थापित भएको छ। पौराणिक कालखण्डमा मिथिलाको राजनीतिक, सांस्कृतिक एवं बौद्धिक केन्द्रका रुपमा प्रख्यात यो उपमहानगरलाई आफ्नो मौलिक संस्कृति, सुन्दरता तथा कला र पहिचानको संरक्षण एवं सम्वर्धन गर्दै बदलिंदो परिवेशमा योजनाबध्द ढंगले एक सुसम्पन्न, सुरक्षित तथा उत्थानशील शहरका रुपमा विकास गर्ने अवसर अहिले हामीसामु आएको छ। नेपालको संविधान २०७२ ले नगरपालिकाहरुलाई स्थानीय सरकारका रुपमा स्थापित गरी आफनो भूगोल, माटो तथा सामाजिक-आर्थिक परिवेश अनुरुपको विकासको नीति, योजना र रणनीतिहरु तर्जुमा गरेर कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको देखिन्छ, र यो अधिकारको सदुपयोग गरी नगरलाई समृद्ध, समुन्नत, समन्यायिक र समभावयुक्त बनाउँदै नगरवासीको जीवनस्तरमा रुपान्तरणकारी परिवर्तन ल्याउनु हाम्रो अहं जिम्मेवारी हो।

विगतमा जनकपुरधाम नेपालको प्रशासनिक एवं राजनीतिक संयन्त्रहरुवाट उपेक्षित हुँदा आफ्ना समकक्षी शहरहरुको सापेक्षतामा यथेष्ट विकास गर्न नसकेको तथ्यका बाबजुद यसले आफ्नो आर्थिक, सामाजिक एवं राजनीतिक उपादेयता क्षेत्रीय तथा राष्ट्रिय स्तरमा स्थापित गरेको छ। यहाँ भइरहेको तीव्र शहरीकरणवाट सिर्जित आर्थिक, सामाजिक तथा राजनीतिक जटिलताका कारण विगतका केही सीमित योजना तथा परियोजनाहरुवाट अपेक्षित उपलब्धिहरु हासिल गर्न सकिएन। नेपाली जनताको दोस्रो जन-आन्दोलन तथा मधेस आन्दोलन पश्चात् संघीय शासन प्रणाली अन्तर्गत समृद्धि र समुन्नतिको अपार संभावना बोकेको यस उपमहानगरलाई नगरवासीका साथै सम्पर्ण मधेशी समुदायको समुन्नत भविष्यको मार्ग तय गर्ने सुवर्ण अवसर अहिले हामी जननिर्वाचित पदाधिकारीका सामु प्राप्त भएको छ। यद्यपि जनकपुरधामलाई उत्तम वासस्थान तथा कार्यस्थलका साथै उत्कृष्ट सांस्कृतिक पर्यटकीय र लगानी-मैत्री शहरका रुपमा विकास गरी नगरवासीहरुलाई सुरक्षित वातावरण, सुलभ सेवा र समुचित आर्थिक अवसर प्रदान गर्ने कार्य पनि कम चुनौतीपूर्ण छैन।

नगर क्षेत्रमा उपलब्ध साधन-स्रोत तथा सहयोगी साझेदारहरुसंगको सहकार्यको उच्चतम सदुपयोग गर्दै जनकपुरधाम उपमहानगरपालिकालाई आगामी २५ वर्षमा नेपालकै सांस्कृतिक पर्यटनको केन्द्रका रुपमा स्थापित गरी विश्वकै हिन्दुहरुको आस्थाको गन्तव्य बनाउने उत्कट चाहना सम्पूर्ण जनकपुरवासीहरुका साथै मेरो व्यक्तिगत तथा यस उपमहानगरपालिकाका मेरा सहकर्मीहरुको समेत रहेको छ। उक्त चाहना पुरा गर्ने हेतु आवश्यक आधारशिला निर्माण गर्न यो जननिर्वाचित सरकार कटिबद्ध छ। त्यसैअनुरुप योगदान गर्ने संकल्पसहित यस उपमहानगरको दीर्घकालीन सोंच (Long–Term Vision)_ निर्धारण गरी सोहीअनुरुप योजना तथा कार्ययोजना तयार गरी विकासपथलाई निर्देशित गर्न यो **"जनकपुरधाम २१०० तथा रणनीतिक योजना २०७७-८२"** तर्जुमा गरी कार्यान्वयन गर्न उत्प्रेरणा मिलेको हो। नगरवासीहरुको सक्रिय सहभागितामा तयार गरिएको यस योजनाको सफल कार्यान्वयन हामी सवैको दायित्व बनेको छ।

पत्र संख्या :- २०७८/०७९
चलानी नं.:-

फोन नं. ५२०५२०, ५२०१४६
फ्याक्स नं. ५२०५१०

यो **दीर्घकालीन सोंच तथा रणनीतिक योजना** तर्जुमाको चरणमा सहयोग गर्ने उपमेयरज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडाध्यक्षज्यूहरु, जनप्रतिनिधिहरु र स्थानीय सामुदायिक संस्थाका साथै सुदृढ परियोजनाका क्षेत्रगत विषयविज्ञ, निजी क्षेत्रका सहकर्मी मित्रहरु, पत्रकार बन्धुहरु तथा उपमहानगरपालिकाका सकल कर्मचारीहरुका साथै सम्पूर्ण नगरवासीहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२०७८ फागुन

(लाल किशोर साह)
नगर प्रमुख

# मन्तव्य



जननिर्वाचित ऐतिहासिक संविधानसभाबाट २०७२ सालमा नयाँ संविधान जारी भई मुलुक संघीय शासन-प्रणालीमा प्रवेश गरेसँगै स्थानीय सरकारहरु अभूतपूर्व तवरमा अधिकारसम्पन्न भएका छन् । तर संवैधानिक व्यवस्था र कानुनी प्रबन्धबाट प्रदत्त अधिकार र जिम्मेवारीको पूर्ण कुशलता र सक्षमताका साथ निर्वहन गर्नका लागि स्थानीय सरकारहरुले लामो यात्रा तय गर्नुपर्ने छ । अझै पनि पालिकाहरुले आफुलाई चाहिने नीति, ऐन-नियम, कार्यविधि, निर्देशिका, संस्थागत संयन्त्र, जनशक्ति, प्रविधि, ज्ञान, सीप, र वित्तीय तथा भौतिक स्रोत-साधनका साथै विद्यमान जन-आकांक्षा र अपेक्षालाई पूरा गर्नका निमित्त आवश्यक पर्ने प्रतिस्पर्धात्मक क्षमता हासिल गर्न सकेका छैनन्। हाम्रा माझ चुनौतीहरु थुप्रै छन्, तर अवसरहरु पनि उत्तिकै छन् ।

यिनै चुनौती र अवसरहरुको चाङ्का बीच सुदृढ-NURP परियोजनाको प्राविधिक सहयोग, समन्वय र सहजीकरणमा जनकपुरधाम उपमहानगरपालिकाको दीर्घकालीन सोंच र योजनासहितको **"जनकपुरधाम २१०० तथा रणनीतिक योजना २०७७-८२"** नामक प्रस्तुत दस्तावेज तयार भएको छ । यो नीतिगत दस्तावेजले नेपाल मात्र नभई विश्वकै धार्मिक तथा सांस्कृतिक गन्तव्यका रुपमा सुपरिचित, हिन्दुहरुको पवित्र तीर्थस्थल तथा पुरातात्विक सम्पदाको केन्द्र जनकपुरधामको भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरणीय विकास, प्रगति र समृद्धिको २५ वर्षे मार्गचित्र कोरेको छ। यसलाई कार्यान्वयनमा लैजानका लागि उपमहानगरपालिकाको एक्लो प्रयास मात्र पर्याप्त हुँदैन, यसनिम्ति संघ र प्रदेश सरकार, स्थानीय नगरवासी, निजी क्षेत्र, समुदाय र सम्पूर्ण सरोकारवालाहरुको संयुक्त र समवेत प्रतिबद्धता, पहल र प्रयत्नको पनि उत्तिकै आवश्यकता छ ।

प्रस्तुत दीर्घकालीन सोंचसहितको रणनीतिक दस्तावेज तयार पार्ने क्रममा आदरणीय नगरप्रमुखको नेतृत्वदायी मार्गदर्शनका साथै सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राष्ट्रसेवक मित्रहरु, सुदृढ परियोजनाका विज्ञ तथा सल्लाहकारहरुसहित प्राज्ञ, बुद्धिजीवी, संचारकर्मी तथा पेशागत क्षेत्रका सबै सम्बद्ध सरोकारवालाहरुबाट प्राप्त सहयोगका निमित्त म हार्दिक आभार प्रकट गर्न चाहन्छु र यो दस्तावेजमा व्यक्त प्रतिबद्धता, संकल्प, योजना र कार्ययोजनालाई साकार बनाउनका निमित्त सबैको सहयोग, सहकार्य र सहभागिताको अपेक्षा पनि राख्दछु ।

फागुन २०७८

रीता मिश्र
नगर-उपप्रमुख

# विषय सूची


१. परिचय ........ ७
१.१ ऐतिहासिक पृष्ठभूमि ........ ७
१.२ जनसांख्यिक तथा सामाजिक, सांस्कृतिक अवस्था ........ ७
१.३ वातावरणीय अवस्था ........ ८
१.४ भू-उपयोग तथा पूर्वाधार ........ ८
१.५ आर्थिक गतिविधि ........ ९
२. दीर्घकालीन सोच- जनकपुरधाम २१०० (ख्ककष्यल ब्लबपउगचमजक द्दज्ञण) ........ ९
२.१ दीर्घकालीन सोचको व्याख्या ........ १०
**३.** लक्ष्य, उद्देश्य, सिद्धान्त र क्षेत्रहरू ........ १०
३.१ लक्ष्य ........ १०
३.२ उद्देश्य ........ ११
३.३ मार्गदर्शक सिद्धान्तहरू ........ ११
३.४ रणनीतिक विकास योजनाका क्षेत्रहरू ........ 12
**४.** विषय क्षेत्रगत रणनीतिहरू ........ १३
४.१ समावेशी तथा विविधतापूर्ण आर्थिक विकास ........ १३
४.१.१ अवसर तथा व्यवधानहरू ........ १३
४.१.२ लक्ष्य, उद्देश्य तथा रणनीतिहरू ........ १५
४.२ शहरी विकास तथा पूर्वाधार ........ १५
४.२.१ अवसर तथा व्यवधानहरू ........ 15
४.२.२ nक्ष्य, उद्देश्य तथा रणनीतिहरू ........ १६
४.३ सामाजिक विकास ........ १७
४.३.१ अवसर तथा व्यवधानहरू ........ १७
४.३.२ nक्ष्य, उद्देश्य तथा रणनीति ........ १९
४.३.३ अपेक्षित परिणाम ........ १९
४.४ स्वच्छता, सरसफाइ, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण ........ २०
४.४.१ अवसर तथा व्यवधानहरू ........ २०
४.४.२ लक्ष्य, उद्देश्य तथा रणनीतिहरू ........ २१
४.४.३ अपेक्षित परिणाम ........ २२
४.५ संपदा संरक्षण ........ २२
४.५.१ व्यवधान तथा अवसरहरू ........ २२
४.५.२ लक्ष्य, उद्देश्य तथा रणनीतिहरू ........ २३
४.५.३ अपेक्षित परिणाम ........ २४
४.६ संस्थागत विकास र शासन ........ २४
४.६.१ लक्ष्य, उद्देश्य तथा रणनीति ........ २५
४.६.२ अपेक्षित प्रतिफल ........ २६
५. आवधिक रणनीतिक कार्ययोजना ........ २६
५.१ समावेशी आर्थिक विकास ........ २७
५.२ शहरी विकास तथा पूर्वाधार ........ ३०

५.३ सामाजिक विकास................................................................................................ ३४
५.४ स्वच्छता, सरसफाइ, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण.................................३८
५.५ सम्पदा संरक्षण................................................................................................ ४१
५.६ संस्थागत विकास तथा शासन प्रणाली................................................................ ४४
६. प्रस्तावित रणनीतिक विकास आयोजनाहरू........................................................... ४८
६.१ समावेशी आर्थिक विकास.................................................................................. ४८
६.२ शहरी विकास तथा पूर्वाधार.................................................................................48
६.३ सामाजिक विकास............................................................................................. ४९
६.४ स्वच्छता तथा सरसफाइ.................................................................................... ४९
६.५ सम्पदा संरक्षण..................................................................................................49
६.६ संस्थागत विकास तथा शासन प्रणाली................................................................ ५०
७ योजना कार्यान्वयन............................................................................................. ५०
अनुसूची १ : जनकपुरधाम : वस्तुस्थिति विश्लेषण...................................................५१
अनुसूची २: दीर्घकालीन सोच तर्जुमा विधि............................................................. ६३

## शब्द सङ्क्षेप

| | |
|---|---|
| आइयुडीपी | इन्टिग्रेटेड अर्बान डिभेलप्मेन्ट प्रोग्राम (Integrated Urban Development Programme, एकीकृत शहरी विकास कार्यक्रम ) |
| गाविस | गाउँ विकास समिति |
| जउनपा | जनकपुर उपमहानगरपालिका |
| जउवासं | जनकपुर उद्योग वाणिज्य संघ |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

# १. परिचय

## १.१ ऐतिहासिक पृष्ठभूमि

जनकपुरधाम विश्वभरि छरिएर रहेका एक अर्बभन्दा बढी हिन्दुहरूको सुप्रसिद्ध तीर्थस्थल हो र यहाँका प्रसिद्ध धरोहरहरूमध्येको एक जानकी मन्दिर पनि यहीं अवस्थित छ ।यसका अतिरिक्त अन्य थुप्रै मन्दिरहरू, कुटीहरू, अखडाहरू तथा पवित्र तलाउहरूको शहर हो जनकपुरधाम । हिन्दू पौराणिक महाकाव्य रामायणले जनकपुरधामलाई शिक्षा र कलाको उत्कृष्ट केन्द्रका रुपमा प्रस्तुत गरेको छ। युगौं पुराना सांस्कृतिक सम्पदाहरूमा आधारित यहाँको वैभव मिथिला कलाको समृद्ध परम्परा, मैथिली साहित्य र पर्व तथा संस्कारहरूको कालातीत संस्कारमा आधारित छ। हिन्दू पौराणिक शास्त्रहरूका अनुसार प्राचीन जनकपुरधामको इतिहास कम्तिमा ६ हजार वर्ष पुरानो छ।

जनकपुरको इतिहास ३०० वर्षभन्दा पुरानो छ। प्रचूर मात्रामा रहेका कुटी, मन्दिर तथा पवित्र तलाउहरूको उपस्थितिले यो शहर सुरुमा साधु, पण्डित तथा विद्वान कविहरूले स्थापना र विकास गरेको संकेत गर्दछ। रामानन्दी तथा सन्यासी सम्प्रदायका अनुयायीहरू ठूलो संख्यामा आउने क्रममा कालान्तरमा यहाँ वस्ती र बजारको विकास हुन गयो । जनकपुरधामको स्थापना १७ औं शताब्दीको अन्ततिर दुई साधुहरूक्रमशः रामानन्दी सम्प्रदायका सुर किशोर दास र सन्यासी सम्प्रदायका चतुर्भुज गिरीको नामसँग जोडिन्छ, जसले क्रमशः जानकी मन्दिर तथा राम मन्दिर समेत को स्थापना गरे (ठाकुर १९५६)। जनकपुरधाममा तीर्थयात्री आएको सबैभन्दा पुरानो वर्णन सन् १८०५ (बर्घार्ट १९७८) को छ। त्यसबेला यहाँ अयोध्याबाट तीर्थ भ्रमणमाआएको उदाहरण छ ।तीर्थालुहरूले त्यसबेला विभिन्न मन्दिर, कुटी, तीर्थस्थल तथा पोखरीहरूलगायत फूसका वस्तीहरूको अवलोकन गरेका थिए।

अहिलेको जनकपुरधाम सन् १९६० मा नगरपालिका र सन् २०१७ मा उपमहानगरपालिका घोषणा गरिएको थियो । नगरपालिकाको सिमानाभित्र २०० भन्दा बढी पोखरीहरू रहेको यो शहर तलाउ/पोखरीहरूको शहरका रुपमा पनि प्रसिद्ध छ । धनुषा जिल्लाको सदरमुकाम तथा प्रदेश नं. २ को राजधानीका रुपमा प्रस्तावित जनकपुरधाम उपमहानगरपालिका नेपालको दक्षिणी सीमावर्ती क्षेत्रमा मध्य तराईमा अवस्थित छ । यस उपमहानगरको उत्तरमा लक्ष्मिनीयाँ तथा मिथिला विहारी गाउँपालिका, दक्षिणमा नागरैन नगरपालिका, पश्चिममा महोत्तरी जिल्ला तथा हसनपुर नगरपालिका र पूर्वमा औरही गाउँपालिका अवस्थित छन्।

## १.२ जनसांख्यिक तथा सामाजिक, सांस्कृतिक अवस्था

यस शहरको जनसंख्या सन् १९९१ मा ५४,७१० बाट बढेर सन् २००१ मा ७४,१९२ र सन् २०११ मा ९८,४४६ रहेकोमा सन् २०१७ मा छिमेकी ११ गाविसहरूको समायोजन भएपछि १५९,४६८ पुग्यो । यद्यपि सन् २०१८ को अनुमान अनुसार ९१.९७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यहाँका २५ वटा वडामा १७३,९२४ जनसंख्याको बसोवास रहेको छ। जनसंख्या वृद्धिदर शहरका भित्री भागहरूमा वार्षिक २.८३ प्रतिशतरहेको छ भने सीमान्त वडाहरूमा जनसंख्या वृद्धिदर नकारात्मक रहेको छ । शहरको समग्र जनसंख्या वृद्धिदर १.०४ प्रतिशत रहेको छ, यसले शहरका सीमान्त वडाहरूबाट जनसंख्या भित्री वडातर्फ सरिरहेका छन् र श्रमिकको बसाइ-सराइका कारण प्रजनन दर पनि घटिरहेको इङ्गित गर्दछ।

शहरका वासिन्दाहरूमा मुख्यतया यादव, तराई ब्राह्मण, सुदी, तेली तथा कायस्थ रहेका छन् । तराई दलितहरूको उल्लेख्य उपस्थिति (करिब १०–१५ प्रतिशत) यहाँको अर्को विशेषता हो । मिथिला संस्कृतिको वैभवपूर्ण उपस्थितिका अतिरिक्त यहाँ पहाड र तराईका अन्य संस्कृति पनि एकापसमा आदरभावपूर्ण रुपमा सहअस्तित्वमा छन्। यस शहरले एसियाली विकास बैंकबाट अनुदान प्राप्त एक अध्ययनले "सन् १९९० पश्चात्का श्रृङ्खलारहित बहुल समाज (non-

hierarchical plural society of post-1990s)" भनी सटीक किसिमले उल्लेख गरे अनुसारको वास्तवमै एउटा राम्रो उदाहरण प्रस्तुत गर्दछ । मानव गरिबी सूचकांक ३० रहेको यस नगरका करिब १५ प्रतिशत जनसंख्या व्यवसायिक आर्थिक गतिविधिमा संलग्न रहेका छन् ।

## १.३ वातावरणीय अवस्था

यो शहर उच्च उत्पादकत्व भएको कृषि भूमि, पूर्वमा जलाध नदी, पश्चिम तथा दक्षिणमा दूधमती नदी र २०० भन्दा बढी पोखरीहरूलगायतबाट समृद्ध रहेको छ । हालको अवस्थामा करिब ७३ प्रतिशत जमिनमा खेती गरिएको छ भने करिब १८ प्रतिशत जमिनमा संरचना क्षेत्र रहेको छ । करिब ३.१५ प्रतिशत जमिन पोखरी/तलाउ तथा जलक्षेत्रले ढाकेको छ जसको हिस्सा देशका अन्य शहरहरूको तुलनामा उच्च रहेको छ। तर कृषि भूमिको क्षेत्र भने बढ्दो जनसंख्या वृद्धि र शहरीकरणका कारण घट्दो क्रममा रहेको छ ।

## १.४ भू-उपयोग तथा पूर्वाधार

शहरको भित्रीभाग जानकी मन्दिरको वरिपरि फैलिएको छ भने संस्थागत/कार्यालय क्षेत्र पूर्वी क्षेत्रमा चक्रपथसँगै रहेको छ । शहरको परम्परागत भित्री भागहोचा, बाक्लो वस्ती र साँघुरा गल्लीयुक्त रहेको छ भने यसबाहिरको भाग छरिएको, पातलो र आधुनिकखालको छ । पूर्वाधारको हिसाबले यो शहर रुपान्तरणको अवस्थामा रहेको छ। भित्री भागमा सडकहरू चौडा पार्ने र बाह्य क्षेत्रमा नयाँ निर्माणका काम भइरहेका छन् । शहरमा ३०,००० भन्दा बढी भवनहरू रहेका छन्, जसमध्ये अधिकांश पक्की तथा ढलानयुक्त (४८ प्रतिशत), सिमेन्ट तथा माटोको जोडाइ र टाली भएका (३७.७ प्रतिशत) रहेका छन् । मुख्य शहरी भाग तथा नयाँ शहरी वस्तीहरूमा सामान्यतया ३ देखि ५ तलासम्मका पक्की भवनहरू रहेका छन् भने ग्रामीण भेगहरूमा मूलतः एकतले, टायलको छाना र इँटाको गाह्रो भएका भवनहरू रहेका छन् ।

जनकपुरधाममा विगत पाँच वर्षमा ठूलो परिवर्तन भएको छ र यो परिवर्तन मूलतः संरक्षणको दृष्टिकोणले एसियाली विकास बैंकको आइयुडीपी कार्यक्रमको सहयोग मार्फत् दृष्टिगोचर भएको छ। जनकपुरधामले सडक चौडा गर्ने, नाला निर्माण गर्ने, ल्याण्डफिल साइट निर्माण गर्ने तथा सरसफाइमा सुधार गर्ने प्रयोजनका लागि रु. एक अर्ब रुपियाँ सहयोग प्राप्त गरेको छ । तर विविध बाधा व्यवधान तथा सामुदायिक विवादका कारण ल्याण्डफिल साइट बन्न सकेन । तयारी भइरहेका अन्य परियोजनाहरूमा खानेपानी तथा सरसफाइ मन्त्रालयअन्तर्गत आइयुपीडी दोस्रो चरण (सम्भवतः नयाँ नाममा) र शहरी सौन्दर्यीकरणका लागिपोखरी सुधार परियोजना रहेको छ । चालू परियोजनाहरूमा जनकपुर-जयनगर रेल मार्ग, हुलाकी मार्गलाई जनकपुरधामसँग जोड्ने दक्षिणमा जलेश्वरसम्म र पूर्वमा सिराहासम्मको सडक, जनकपुरधाम-ढल्केवर (६ लेन) रणनीतिक सडक र जनकपुरधाम-नागरैन-भारत (६ लेन) रणनीतिक सडक रहेका छन् । यी प्रयासहरूका बाबजुद जनकपुरधाम उपमहानगरपालिकाले अव्यवस्थित शहरी विकासका चुनौतीहरू झेल्दै आएको छ । संकटाभिमुख र कमजोर गुणस्तरको पूर्वाधार/संरचनात्मक वातावरण, अविकसित र अपर्याप्त पूर्वाधार (भौतिक, सामाजिक र आर्थिक), अन्तरनिर्भर ग्रामीण क्षेत्रहरू तथा भारतसँगको कमजोर यातयात सम्बन्ध (अधिकांश सडकहरू अझसम्म निर्माणाधीन रहेका), संख्या तथा गुणस्तर दुवैका दृष्टिकोणले अपर्याप्त जनशक्ति, सरकारका विभिन्न तहहरूबीचको कमजोर समन्वय, शासन प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अपर्याप्त प्रयोग, सम्पदा संरक्षणसम्बन्धी साक्षरता/चेतनाको कमी, आन्तरिक राजस्व (OSR)को कमजोर आधार तथा नागरिकको अपेक्षा तथा उपमहानगरको सेवा प्रवाहबीचको ठूलो अन्तर केही प्रमुख चुनौती हरू हुन् ।

### १.५ आर्थिक गतिविधि

शहरका आर्थिक गतिविधिलगायत विद्यमान अवसर तथा सम्भावनाहरूले गर्दा जनकपुरधामको आर्थिक वृद्धिमा निम्न क्षेत्रहरूको अग्रणी स्थान हुने देखिन्छ :

- धार्मिक पर्यटन तथा सेवा क्षेत्र
- व्यापार तथा वाणिज्य
- कृषि तथा पशुपालन

जनकपुरधाम यस उपक्षेत्रमा विकासको केन्द्रविन्दुको रुपमा रहेको छ । यसले वरिपरिका वस्तीहरूबाट स्रोत आकर्षित गर्ने तथा ग्रामीण क्षेत्रका वासिन्दालाई रोजगारी तथा बजारको सुविधा उपलब्ध गराउँदछ। जनकपुरधाम मूलतः दक्षिणमा भारतसँग तथा पूर्व र उत्तरमा नेपालका विभिन्न शहरहरूसँग जोडिएको छ।

## २. दीर्घकालीन सोच- जनकपुरधाम २१०० (Vision Janakpurdham 2100)

सन् २०१७ मा नयाँ संविधानको घोषणा तथा राज्य पुनर्संरचनाबाट तीन तहको सरकार गठनपश्चात् सिर्जित परिवेशलाई मध्यनजर गर्दै जनकपुरधाम उपमहानगरपालिकाले विकासको दीर्घकालीन सोच तर्जुमा गरेको छ । पुनर्संरचनाले निम्त्याएको यस परिवर्तनसँगै राष्ट्रको शहरी परिदृ श्य लगायत नगर सरकारका भूमिका, जिम्मेवारीहरू, क्षमता तथा अख्तियारीमा उल्लेख्य परिवर्तन भएको छ। जनकपुरधामको सन्दर्भमा स्थानीय तहको पुनर्संरचनाले शहरको आकार सन् २०११ मा २५ वर्ग कि.मी.मा फैलिएको १००,००० जनसंख्या भएको शहरबाट ९२ वर्ग कि.मी.मा फैलिएको करिब २००,००० जनसंख्या भएको शहरका रुपमा रुपान्तरित भएको छ।

छोटो समयमा समुन्नति उन्मुख हुन विभिन्न किसिमका अवसरहरूको ढोका खोल्दै जनकपुरधाम प्रदेश नं. २ को राजधानीको लागि प्रमुख दावेदार शहरका रुपमा उभिएको छ। यो अवसरका लागि नयाँ पद्धतिको स्थापना र शहरको बृहद् विकासलाई प्रवर्द्धन र सहयोग गर्ने सोचको खाँचो रहेको छ । यस सम्बन्धमा नेपाल शहरी पुनरुत्थानशीलता परियोजना (NURP) ले स्थानीय स्तरमा सरोकारवालाहरूबीच व्यापक बहसका लागिसहजीकरण गरेको छ। यसअन्तर्गत निम्न विषयहरू समावेश छन् :

समावेशी शहरी विकासका सन्दर्भमा विषयगत विज्ञहरूसँग गहन छलफल;

- समूह छलफल,
- नगरपालिकामा सामुदायिक तहको बहस, र
- राष्ट्रियस्तरमा प्रमुख पेशाविद्/विषय विज्ञसँग छलफल

उल्लिखित बहसले समृद्धिको दिशामा स्थानीय समुदायका विकासका आकांक्षाहरू सम्बोधन गर्न सक्ने यस शहरको विकासका प्रमुख सम्भावनाहरूको रुपरेखातय गरेको छ । यसैगरी, दीर्घकालीन सोच- जनकपुरधाम २१०० को निम्नअनुसार तय गरिएको छ :

**"मिथिला सभ्यता तथा सामाजिक समभावको शहर : जनकपुरधाम"**

### २.१ दीर्घकालीन सोचको व्याख्या

**मिथिला सभ्यता:**जनकपुर र यसको वरिपरिको जीवन्त सम्पदालाई आधार मानेर यसको व्याख्या गरिएको छ । यसले मैथिली भाषा, मैथिली संस्कृति र मैथिली जनतालाई बुझाउँदछ । यसले स्पष्ट रुपमा दृश्य/मूर्त र अदृश्य/अमूर्त सम्पदालाई समावेश गर्दछ; जस्तो कि- मिथिला कला तथा कलाकृतिहरू, लोक संगीत, सामाजिक नाटक, परम्परागत ज्ञान,जनश्रुति, चाडपर्वहरू, मठ, मन्दिर, स्मारक तथा जनकपुर र मिथिला क्षेत्रका तलाउ/पोखरीहरू ।

**सामाजिक समभाव:** धार्मिक मत, लिंग, उमेर, वर्ण, जाति, पेशा, आर्थिक अवस्थालगायतको विविधतायुक्त जनकपुरको समाजले राजर्षि जनकका शिक्षण (वैदिक शिक्षा)लाई अवलम्बन गर्नेछ। यो अवधारणा **वसुधैव कुटुम्बकम: अर्थात** विश्व नै एक परिवारका रुपमा आत्मसात् गरिने,एकअर्का प्रति सम्मान अभिव्यक्त गर्ने, स्नेहप्रवर्द्धन गर्ने, विश्वास, प्रशंसा, शान्ति, आदर, उदारता र विविधतापूर्ण समाजको मान्यतामा आधारित छ। यसमा निम्न अवधारणाहरू समावेश रहेको छ :

- समावेशी समाज
- स्रोत तथा अवसरहरूको पहुँचमा समता
- सामाजिक, सांस्कृतिक, राजनीतिक तथा धार्मिक सहिष्णुता
- एकीकृत विकास र सबै प्रकारका जीवनप्रतिको आदरभाव

दीर्घकालीन विकास सोच "जनकपुरधाम २१००" लाई निम्नअनुसार व्याख्या गर्न सकिन्छ :

**मिथिला सभ्यता**

- मूर्त तथा अमूर्त सम्पदाको संरक्षण
- मिथिला कला, संस्कृति, काव्य, लोक संगीत
- राजधानी शहर
- योजनावद्ध शहर
- स्वच्छता र सरसफाइ
- जलवायु उत्तरदायी
- सभ्य समाज
- पूर्वाधार र सम्पर्क सञ्जाल

**सामाजिक समभाव**

- समावेशी तथा विविधतापूर्ण अर्थत
- समानता
- उत्थानशील संरचना र समाज
- सामाजिक सहअस्तित्व
- सक्षम संस्थाहरू तथा सुशासन
- गुणस्तरीय सेवामा सहज पहुँच
- प्रोत्साहन तथा सिर्जनशीलता
- न्याय, समानता र स्वतन्त्रता

## ३. लक्ष्य, उद्देश्य, सिद्धान्त र क्षेत्रहरू

### ३.१ लक्ष्य

मिथिला सभ्यताका दृश्य र अदृश्य सम्पदा तथा सांस्कृतिक धरोहरहरूको संरक्षण र विकास तथा शहरी पूर्वाधार, सरसफाइ, शहरी सुरक्षा र शासन प्रणालीमा योजनाबद्ध सुधारका माध्यमबाट जनकपुरधामलाई नेपालको एक प्रमुख सम्पदा शहरका रुपमा स्थापित गर्ने ।

## ३.२ उद्देश्य

यस योजनाले निम्न उध्देश्यहरु लिएको छ।

१. अर्थतन्त्रलाई बढी विविधतापूर्ण, समावेशी तथा समतामूलक बनाउँदै नगरकोआर्थिक क्रियाशीलता वृद्धि गर्ने

२. योजनाबद्ध राजधानी शहरका रुपमा विकास गरी जनकपुरधाम[१]लाई नमुना प्रदेश राजधानीका रुपमा स्थापित गर्ने

३. सुरक्षित भौतिक संरचनाको विकास, वातावरणीय संरक्षणको प्रवर्द्धन तथा विपद् जोखिम न्यूनीकरणका अवधारणाहरूको न्यूनीकरणमार्फतसमाजमा सुरक्षा र मेल वृद्धि गर्ने

४. सम्पदाको संरक्षण, सरसफाइ, सुधार तथा योजनाबद्ध शहरीकरणको माध्यमबाट जनकपुरधामलाई पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्ने

५. मिथिला सभा, साहित्यिक महोत्सव, नाटक तथा नागरिक कार्यक्रमहरूका माध्यमबाट सामाजिक एकता, भ्रातृत्व र सामाजिक, सांस्कृतिक तथा राजनीतिक सहिष्णुतामा अभिवृद्धि गर्ने

६. संस्थागत विकास, मानव स्रोत विकास, नयाँ नीति, कानुन तथा कार्यनीतिहरू तर्जुमा तथा शहरी सेवा प्रावधानहरू सम्बन्धमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत् शहरी शासन प्रणालीको सबलीकरण गर्ने

७. जनकपुरधामप्रतिको धारणालाई परिवर्तन गरी योजनाबद्ध, जलवायु उत्थानशील, वातावरणमैत्री र सफा शहरको रुपमा रुपान्तरण गर्न यहाँका तलाउहरूलाई सुसंगत शहरी विकास क्रियाकलापहरूमा एकीकृत गर्ने

## ३.३ मार्गदर्शक सिद्धान्तहरू

शहरको सामाजिक-भौतिक, आर्थिक तथा वातावरणीय रूपान्तरणलाई गति दिन तर्जुमा गरिएको जनकपुरधाम २१०० को दीर्घकालीन सोच हासिल गर्ने दिशामा मार्गनिर्देशनहरू तय गरिएका छन्। यी मार्गनिर्देशनहरू ले विकास योजनाहरू, परियोजना, योजना, पहिचान र कार्यान्वयनको क्रममा दृष्टिकोण निर्माण प्रक्रियालाई कामयावी बनाउन रूपरेखा प्रदान गर्दछन् । मार्गदर्शक सिद्धान्तहरूले कम्तिमा निम्नअनुसार बुँदाहरूलाई समावेश गरेका छन् :

- सम्पदा संरक्षणलाई विकास योजनाको मुख्य अवधारणाको रूपमाविकासतथा जानकी मन्दिर, राम मन्दिर परिसर तथा यसका वरिपरिका क्षेत्रलाई युनेस्कोद्वारा मान्यताप्राप्त विश्व सम्पदा सूचीमा सूचीकरण
- सहरी विकास र व्यवस्थापनको मूल मर्म का रूपमा सहभागितामूलक योजना र कार्य संस्कृति
- बसुधैव कुटुम्बकम् को धारणालाई आत्मसात् गर्दै जनकपुरधामप्रतिको धारणालाई विश्वव्यापी मापदण्डमा आधारित एउटा व्यवस्थित शहरका रुपमा रुपान्तरण गर्न प्रत्येक नागरिकका लागि आधारभूत पूर्वाधारमा सहज र सुलभ पहुँचको सुनिश्चितता
- एकताबद्ध समाज सिर्जनाका लागि स्थानीय ज्ञान, प्रविधि संस्कृति तथा व्यवहारहरूको प्रवर्द्धन
- न्याय, समता र स्वतन्त्रतालाई सीमान्तकृत तथा छेउ लागेका समुदाय, महिला, दलित तथा अपाङ्गता भएकाहरूलाई योजना तर्जुमा तथा निर्णय प्रक्रियामा ल्याउने विषयका रुपमा अवलम्बन तथा विभिन्न नागरिक बहस कार्यक्रमहरू आयोजना

---

[1]हालसम्म्म स्थायी राजधानीका रुपमा निर्णय नभइसकेको

- विकास योजना तर्जुमा तथा सम्पदा संरक्षणमा नागरिक मञ्चहरू, नागरिक समाज तथा परम्परागत संस्थाहरूको प्रवर्द्धन
- शहरको पर्यटन, व्यापार तथा कृषि-औद्योगिक विकासमा हरित अर्थतन्त्र र वृत्तीय आर्थिक नमुना (Circular economic model) को प्रयोग
- नवीन खोज तथा नयाँ सुरुआतका लागि प्रोत्साहन
- लगानी र व्यापारका लागि अनुकूल वातावरण सिर्जना गर्ने पारदर्शी, जवाफदेही, समावेशी र सक्षम संस्थाहरू
- जलवायु परिवर्तनप्रति उत्तरदायी, विपद् जोखिम न्यूनीकरण संवेदनशील र वातावरणमैत्री संरचनात्मक स्वरुप र शहरी प्रणाली
- सूचना तथा सञ्चार प्रविधि, विद्युतीय शासन (e-governance) र क्षमता विकास उपकरणहरूलाई स्थानीय परियोजना तर्जुमा तथा कार्यान्वयन, स्रोत परिचालन, वित्तीय अनुशासन, सामाजिक-आर्थिक लेखापरीक्षण तथा तेस्रो पक्ष लेखा परीक्षणका लागि स्थानीय संस्थाहरूको क्षमता विकासमा प्रयोग

## ३.४ रणनीतिक विकास योजनाका क्षेत्रहरू

नेपाल सरकार, राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५" अनुसार स्थानीय तहमा विकासका क्षेत्रहरूलाई निम्नअनुसार पाँच समूहमा वर्गीकृत गर्न सकिन्छ :

तालिका १ : विकास योजनाका क्षेत्र तथा उपक्षेत्रहरू

| क्र.सं. | क्षेत्र | उपक्षेत्र |
|---|---|---|
| १. | आर्थिक विकास | कृषि, उद्योग तथा व्यापार, पर्यटन, सहकारी तथा वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण |
| ३ | पूर्वाधार विकास | सडक, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, सूचना तथा सञ्चार प्रविधि |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | वन तथा भूसंरक्षण, जलाधार व्यवस्थापन, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन |
| ५ | संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | मानव स्रोत विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह, शासनमा सूचना तथा सञ्चार प्रविधि, स्रोत परिचालन, वित्तीय अनुशासन तथा लेखा परीक्षण |

*स्रोत : स्थानीय तहका लागि योजना तर्जुमा दिग्दर्शन, २०७५, राष्ट्रिय योजना आयोग*

उपरोक्त विषयगत क्षेत्रहरू सामान्य खालका र सबै शहरका लागि उपयुक्त हुने खालका छन् । यद्यपि, शहरका विशिष्ट भौतिक तथा सामाजिक परिवेश, यसका विकासका सम्भावना तथा समस्याहरूका आधारमा यी क्षेत्रहरूमा केही परिवर्तन हुन सक्छ । जनकपुरधामको विकासका समस्या तथा सम्भावनाहरूका साथै विकासको प्रवृत्ति, मानवीय व्यवहार र जनकपुरधाम २१०० को परिकल्पनामार्फत् अभिव्यक्त दीर्घकालीन सोचले यी क्षेत्रहरूमा केही परिवर्तनको आवश्यकता देखाउँदछ । यसले माथि उल्लिखित विकासका अपेक्षित लक्ष्यहरूहासिल गर्नका लागिविशेष केन्द्रित क्षेत्रमा लगानी गर्न तथा परियोजनाहरूलाई मुखरित गर्न सघाउन सहायता पुर्‍याउने छ । यसैगरी, जनकपुरधामको विकास योजनाका लागि पहिचान गरिएका क्षेत्रहरू देहायअनुसार छन् :

**तालिका २: जनकपुरधामको विकासका लागि क्षेत्र तथा उपक्षेत्रहरू**

| क्र.सं. | क्षेत्र | उपक्षेत्र |
|---|---|---|

| | | |
|---|---|---|
| १. | समावेशी र विविधतापूर्ण आर्थिक विकास | पर्यटन, कृषि तथा पशुपालन, सहकारी, उद्योग तथा व्यापार |
| २ | शहरी विकास तथा पूर्वाधार | भूमि विकास तथा भूउपयोग, सडक, सिंचाइ, भवन आचारसंहिता र नियमन, ऊर्जा, सूचना तथा सञ्चार प्रविधि |
| ३ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, संस्कृति, लैंगिक समानता र सामाजिक समावेशीकरण |
| ४ | व्यक्तिगत तथा सामुदायिक सरसफाइ, जलवायु परिवर्तन तथा विपद् जोखिम व्यवस्थापन | खानेपानी, सरसफाइ, ठोस फोहोर व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन |
| ५ | सम्पदा संरक्षण | मन्दिर तथा अन्य तीर्थस्थलहरू, तलाउ, कला तथा संस्कृति, लोक गीत, परम्परागत ज्ञान तथा नाटकहरू |
| ६ | संस्थागत विकास तथा सुशासन | मानव स्रोत विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह, शासनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, स्रोत परिचालन, वित्तीय अनुशासन तथा लेखा परीक्षण |

*स्रोतः दीर्घकालीन सोच कार्यशाला, २०२०*

नगरपालिकास्तरीय दीर्घकालीन सोच कार्यशाला तथा समुदायस्तरका छलफलहरूमा जानकी मन्दिर तथा राम मन्दिर वरपरका क्षेत्रहरू राष्ट्रिय सम्पदा भएका र यिनलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गरिनुपर्ने स्पष्ट आवाज उठेको छ । यी दुई पवित्र स्थलहरू बाहेक जनकपुरधामको क्षेत्रभित्र ६६ वटा कुटी, ८६ वटा मन्दिर र १११ वटा पोखरीहरू रहेका छन् । यिनीहरूमध्ये ५९ वटा तलाउहरूचक्रपथ (परिक्रमा सडक) भित्र रहेका र धार्मिक महत्वका रहेका छन् (कुटी तथा तलाउ सर्भेक्षण, नेपाल शहरी उत्थानशीलता परियोजना, २०२०) ।

जनकपुरधाम दूरदृष्टि २१०० ले बाह्य तथा आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सम्पदाहरूको संरक्षण तथा विकासलाई पूर्वशर्तका रुपमा अवलम्बन गरेको छ। यसैक्रममा, विकासका क्षेत्रहरूको सूचीमा सम्पदा संरक्षणलाई एक नयाँ क्षेत्रका रुपमा समावेश गरिएको छ। यसभन्दा बाहेक यस विषय लाई प्रवर्द्धन गर्न जनकपुरधामका सम्बन्धमा प्रचलित आम नकारात्मक धारणालाई परिवर्तन गरी यो एउटा सफा र सुन्दर शहर हो भन्ने धारणा बनाउनु आवश्यक छ। यसकारण, व्यक्तिगत तथा सार्वजनिक सरसफाइ तथा फोहोर व्यवस्थापनमा गुणात्मक सुधारका लागि लक्ष्यित पद्धतिको अवलम्बन गर्नु आवश्यक छ। यो उद्देश्य प्राप्तिको ध्येयले व्यक्तिगत तथा सामुदायिक सरसफाइ नामक छुट्टै विषयगत क्षेत्र थप गरिएको छ।

यसैगरी, विषयक्षेत्रगत रणनीतिहरू पनि पहिचान गरिएका छन् ।

# ४. विषय क्षेत्रगत रणनीतिहरू

## ४.१ समावेशी तथा विविधतापूर्ण आर्थिक विकास

### ४.१.१ अवसर तथा व्यवधानहरू

दूरदृष्टि कार्यशाला, लक्ष्यित समूह छलफल तथा प्रमुख सूचना प्रदायकहरूसँगको छलफलबाट संकलित सूचनाका आधारमा जनकपुरधामको आर्थिक वृद्धिमा रहेका मुख्य व्यवधानहरू- क) उच्च भाडा ख) कठि न भन्सार प्रक्रिया र ग) नयाँ व्यवसाय सुरु गर्दा वा भइरहेकोलाई नवीकरण गर्ने क्रममा रहेको "गुप्त" भ्रष्टाचार (जस्तो कि अधिकारीहरूले रिशवत माग गर्नु) मुख्य रहेका छन्। यस्तै अर्को एउटा मुख्य व्यवधान जनकपुरधामको जमिन महंगो हुनु र कर्मचारी

भर्ना तथा पेशा, व्यवसाय सुरु तथा सञ्चालन गर्ने क्रममा पदाधिकारीहरूको हस्तक्षेप हो । यहाँ हाल निकै न्यून उद्योगहरू रहेका छन्, जुन हुन्- क) पोलिथिन पाइप निर्माण र ख) सञ्चालनमा रहेका ३-४ वटा पशुपालन व्यवसाय । भित्तामोडतर्फको २० कि.मी. सडक निर्माण, नागरैन सीमानातर्फको १५ कि.मी. सडक र जयनगरलाई भारतसँग जोड्ने ३० कि.मी. लामो सडक विगत दुई दशकदेखि निर्माणाधीन अवस्थामा रहेका छन्, जसले व्यापारिक गतिविधिलाई निरुतसासहत गरेको छ ो छ । यसबाहेक, कृषि प्रसार क्रियाकलापहरूको कमजोर अवस्था, सिंचाइ, बाढी व्यवस्थापन तथा तलाउहरूको आफू अनुकूल प्रयोगले कृषि क्षेत्र प्रभावित भइरहेको छ ।

सरसफाइको कमी, पर्यटकीय पूर्वाधार तथा पर्यटकीय उत्पादनहरूको कमीले यस शहरमा पर्यटकहरूको बसाइ एक दिनभन्दा बढी समय लम्ब्याउन सक्ने देखिँदैन । शहरको पर्यटकीय नक्सा समेत रहेको छैन । शहरमा धेरै संख्यामा तारे होटलहरू पनि रहेका छैनन्, जसले निकट भविष्यको सम्भावनाअनुरुप पर्यटन प्रवर्द्धन भएको खण्डमा त्यसको माग धान्न सकोस् । सीमित संख्यामा रहेका अन्य होटलहरूमा पनि सरसफाइ तथा आतिथ्य दुवैको कमी छ, जुन न्यून मापदण्डका छन् र सञ्चालनमा रहेका छन् । जमिनको पर्याप्त उपलब्धताको कमी तथा नयाँ व्यवसाय सुरु गर्न निकै कठिन प्रक्रियागत आवश्यकताहरूका कारण जनकपुर उपमहानगरपालिका मूलतः आयातमा आधारित अर्थतन्त्र रही आएको छ । यी कठिनाइहरूका बाबजुद जनकपुरधाममा करिब ९० प्रतिशत व्यवसाय दर्ता भएका छन् जसमध्ये करिब आधा एकल स्वामित्वका, करिब २० प्रतिशत साझेदारीमा आधारित र करिब १५ प्रतिशत प्राइभेट लिमिटेड कम्पनीका रुपमा रहेका छन् । साथै, कम्पनी दर्ताका लागि कागजात मिलाउने प्रक्रिया निकै बोझिलो छ र आवश्यक सबै कागजात पुऱ्याउँदा पुऱ्याउँदै पनि जिम्मेवार अधिकारीहरूबाट गैरकानुनी रकम मागका कारण यो प्रक्रिया अझ कठिन र निरासलाग्दो छ ।

यी सारा व्यवधानहरूका बाबजुद यस शहरले ठूलो सम्भावना बोकेको छ । उपमहानगरका अधिकांश जनसंख्याका लागि व्यापार व्यवसाय, धार्मिक पर्यटन तथा विप्रेषण प्रमुख आयस्रोतका रुपमा रहिआएको छ । मुख्य शहरी क्षेत्र बाहिर रहेका वस्तीहरू मध्यपूर्व (खाडी मुलुक) बाट प्राप्त हुने विप्रेषणका अतिरिक्त अझसम्म कृषि, माछापालन, पशुपालनमा आधारित छन् । निर्माण क्षेत्र यस नगरपालिकामा अर्को ठूलो रोजगारदाताको रुपमा रहेको छ । जनकपुरधाम तराईमा क्षेत्रीय केन्द्रका रुपमा उदय भएको छ, जसको प्रभावक्षेत्र पूर्वमा सिराहा र सप्तरी, पश्चिममा महोत्तरी तथा सर्लाही र उत्तरमा सिन्धुलीसम्म विस्तार भएको छ । यस क्षेत्रमा यो शहर राजर्षि र्षि जनक विश्व विद्यालय, जानकी मेडिकल कलेज र अन्य स्थापित संस्थाहरूका कारण शिक्षा र स्वास्थ्यको केन्द्रका रुपमा विकास भइरहेको छ । साथै, सीमापार यातायात सञ्जालको विकासमार्फत् जनकपुर-ढल्केबर सडक खण्डलाई औद्योगिक मार्ग (Industrial corridor) का रुपमा विकास गर्न सकिने ठूलो सम्भावना समेत रहेको छ । यस शहरले विगतको तराई आन्दोलनपश्चात् भएको बसाइसराइका कारण नकारात्मक वृद्धि अनुभव गरेको छ । यद्यपि, सरकारमा संघीय संरचनाको कार्यान्वयनसँगै अर्थतन्त्रमा विस्तारै सुधार आइरहेको छ ।

जनकपुरधामको करिब ६० प्रतिशत जनसंख्या सक्रिय उमेर समूह (१५-५९ वर्ष) को रहेको छ तर पर्याप्त आर्थिक अवसरहरूका कारण ठूलो संख्यामा युवा जनसंख्या विदेशिनु परेको (मध्यपूर्व) स्थिति छ (केन्द्रीय तथ्यांक विभाग, २०११) । चौतर्फीरुपमा विस्तारित गरिबीलाई विप्रेषणले उल्लेख्य रुपमा न्यूनीकरण गरेको छ तर यसले निजी व्यवसायमा हुने लगानी वृद्धि गरेको छैन र कुनै समयको उर्बर जमिनको गुणस्तर क्षीण र बाँझो हुन गइरहेको छ । अधिक मात्रामा पुरुष जनसंख्याको प्रवासनका कारण यसलेसामाजिक चुनौतिहरूसहित जनसांख्यिक चरित्रमा समेत परिवर्तन ल्याएको छ, जसमा बढ्दो सम्बन्ध बिच्छेद, काटमार तथा हत्याहिंसा प्रमुख हुन् ।

### ४.१.२ लक्ष्य, उद्देश्य तथा रणनीतिहरू

**लक्ष्य:** रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरणमार्फत् नगरका वासिन्दाको जीवनस्तरमा समावेशी रुपमा सुधार भएको हुने

**तालिका ३**

| उद्देश्य | रणनीति |
|---|---|
| ▪ मुख्य रुपमा सांस्कृतिक पर्यटन, कृषि तथा व्यापारको माध्यमबाट जनकपुरको अर्थतन्त्र उकास्ने<br>▪ विकासमा निजी लगानी आकर्षित गर्ने | ▪ पर्यटकहरूको संख्या, तिनीहरूको बसाइ अवधि तथा प्रतिव्यक्ति खर्चमा वृद्धि गर्ने<br>▪ निजी लगानीकर्तालाई पर्यटकीय वस्तु, कला तथा पर्यटन पूर्वाधार लगानीमा प्रोत्साहित गर्ने<br>▪ व्यवसायलाई सांस्कृतिक झाँकी, कला तथा कलाकृतिहरूसँग आवद्ध गर्ने<br>▪ कृषि उद्यम, माछापालन तथा पशुपालनको विकास गरी यसलाई मिथिला खाना, मिथिला मिठाई आदि मार्फत् पर्यटकीय स्वरुपदिने<br>▪ व्यापार तथा लगानीका लागि सहज वित्तीय पहुँचको सुनिश्चितता गर्ने<br>▪ वैवाहिक गन्तव्यको रुपमा विकास गर्न जनकपुरमा सुविधाहरू विस्तार गर्ने |
| ▪ जनकपुर उपमहानगरभित्र समावेशी आर्थिक गतिविधिलाई तीव्रता दिन योजना तर्जुमा गर्ने | ▪ मिथिला कला, कृति तथा सांस्कृतिक कार्यक्रमका क्षेत्रमा महिला उद्यमीहरूको प्रवर्द्धन गर्ने<br>▪ दलित समुदायलाई माछा तथा पशुपालन व्यवसायमा ल्याउनका लागि संयन्त्र स्थापना गर्ने<br>▪ सीप विकास तथा सीमान्ती कृत समुदायलाई उद्यम क्षेत्रमा आवद्ध गर्ने |

अपेक्षित परिणाम

- स्थानीय आर्थिक विकासका लागि उपमहानगरपालिकामा सार्वजनिक, निजी तथा सहकारी क्षेत्रका प्रतिनिधिहरू सहितको एउटा दिगो सहयोग संरचना प्रभावकारी रुपमा कार्यान्वयनमा आएको को हुने
- संयुक्त योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियाहरूमार्फत् स्थानीय शासन सुदृढीकरण, स्थानीय तहको आवधिक योजना तर्जुमा प्रक्रियामा स्थानीय आर्थिक विकास (LED) प्रतिविम्बित हुने
- आफ्नो भौगोलिक क्षेत्रको स्थानीय आर्थिक विकास सम्बन्धी नीतिको खाका/गुरुयोजना तर्जुमा गर्न जनकपुर उपमहानगरपालिकाको क्षमता वृद्धि हुने
- संयुक्त रुपमा छनोट गरिएका स्थानीय आर्थिक विकासका लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको संयुक्त योगदान/लगानीमा सुधार
- खास वस्तु/सेवामा केन्द्रित मूल्य श्रृङ्खलामा आधारित कृषि प्रशोधन तथा उद्यम विकास सहयोग लाभान्वितको तहमा वृद्धि हुने
- सहकारी,MSMEs,बैंक तथा वित्तीय संस्था (MFI) लक्ष्यित वित्तीय पहुँचमा सुधार भएको हुने
- महिला तथा सीमान्ती कृत समूहमा केन्द्रित भई नागरिकका लागि रोजगारीका अवसर तथा आय आर्जनमा वृद्धि हुने

## ४.२ शहरी विकास तथा पूर्वाधार

### ४.२.१ अवसर तथा व्यवधानहरू

शहरको स्वरुप यसको चरित्रका दृष्टिकोणले पुरानो शहरी क्षेत्र तथा नयाँ क्षेत्र दुवैमा निकै मौलिक प्रकृतिको ` रहेको छ । यसैगरी, कुनै उपयुक्त सोच र दिशाविना नैचौतर्फीरुपमाशहरीकरण वृद्धि भइरहेको छ । यसअनुसार, शहरी योजना तर्जुमा, विकास र पूर्वाधारका दृष्टिकोणले मुख्य व्यवधानहरू देहायअनुसार छन् :

- योजनावद्ध र पूर्वाधारमा आधारित विकास गर्नुपर्नेमा अव्यवस्थित वस्ती र व्यापारले शहरीकरण प्रक्रियाको नेतृत्व गर्नु
- स्थानीय समुदायमा व्यवस्थित शहरी विकासको लागि अत्यन्त उच्च आकांक्षा भए पनि जग्गा एकीकरणजस्ता जग्गा विकासका विधिहरूको उपयोग तथा प्रयोग सम्बन्धमा स्थानीय नागरिकलगायत नगर सरकारमा निकै न्यून ज्ञान र जानकारी रहनु
- सम्पदा संरक्षणमा सामान्यतया नागरिक र विशेषगरी नगरपालिका अधिकारीको न्यून साक्षरता झल्किने गरी विगतमा शहरको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने तलाउ तथा धार्मिक स्थलहरू उपेक्षित हुनु
- गुठी, तलाउ तथा सार्वजनिक स्थानको अतिक्रमणले फितलो विकासलाई प्रोत्साहन गर्नु र आर्थिक विकासका सम्भाव्य सम्पत्तिहरूमा सम्झौताहुनु
- भवन नियमावली, योजना तर्जुमा नियमावली र पूर्वाधार मापदण्डहरूको कार्यान्वयनफितलो हुनु
- परियोजना व्यवस्थापन (मूल्यांकन, कार्यान्वयन तथा अनुगमन) मा उपमहानगरपालिकाको अपर्याप्त व्यवस्थापकीय र प्राविधिक क्षमता
- उपलब्ध पूर्वाधारको कमजोर मर्मत-संभार र व्यवस्थापन

उपरोक्त व्यवधानहरूका बाबजुद मुख्य शहरी क्षेत्रमा सडक सञ्जाल तथा ढल प्रणालीको निर्माणसँगै शहरको छविमा उल्लेख्य सुधार भएको छ । संघीयतापश्चात्को परिदृश्यमा, यो शहर प्रदेश नं. २ को राजधानीका रुपमा तोकिएको (हालका लागि) छ र यसले पूर्वाधार विकासमा संभावनाको ढोका खोलेको छ, जसमध्ये केही प्रमुख निम्नअनुसार छन्-

- जनकपुरधामको मुख्य शहरी क्षेत्र बाहिरका क्षेत्रहरूमा सदरमुकाम वस्ती/साना शहरहरूको विकास गर्न सकिने
- शहरीकरण भइरहेका क्षेत्रहरूमा योजनावद्ध विकासका लागि जग्गा एकीकरणजस्ता भू-विकासका तौरतरिकाहरू कार्यान्वयनमा ल्याउन सकिने
- निम्नअनुसार क्षेत्र निर्धारण गर्न सकिने- क) सम्पदा वस्ती ख) चक्रपथभित्र र सम्पदा वस्ती बाहिरका वस्ती ग) चक्रपथ बाहिरका वस्ती । साथै, पूर्वाधार विकासका लागि मापदण्ड निर्माण र कार्यान्वयन गर्न सकिने ।
- अन्तर्राष्ट्रिय निकाय/संस्थाहरूमा रहेको प्रदेश नं. २ मा काम गर्ने उच्चाकांक्षालाई पूर्वाधार विकास अथवा शहरको सुधारमा उपयोग गर्न सकिने
- पूर्वमा रहेको जलाध नदी तथा पश्चिम र दक्षिणमा रहेको दूधमती नदी हुँदै शहरको नाला विकास गर्न सकिने र यी नदी शहरको सम्भाव्य पर्यटकीय स्रोतका रुपमा रहेका

### ४.२.२ लक्ष्य, उद्देश्य तथा रणनीतिहरू

**लक्ष्य:**"जनकपुरधाम"लाई स्वच्छ, सफा तथा तथा दिगो पूर्वाधार युक्त सम्पदा शहर तथा प्रदेश राजधानीका रुपमा विकास गर्ने ।

**तालिका ४**

| उद्देश्यहरू | रणनीतिहरू |
|---|---|
| शहरको व्यवस्थित शहरी स्वरुप विकास गर्ने | ▪ भूउपयोग क्षेत्र निर्धारण तथा भविष्यमा शहर विस्तार हुने क्षेत्रमा भू-विकास योजनाहरूको कार्यान्वयन<br>▪ मुख्य शहरभन्दा बाहिरी क्षेत्रहरूमा व्यवस्थित रुपका राजधानी नगरहरुको विकास गर्ने |
| नागरिकमैत्री उत्थानशील शहरी पूर्वाधारको विकास गर्ने | ▪ शहरी पूर्वाधार तथा शैक्षिक तथा स्वास्थ्य संस्थाहरूसहित सबै सार्वजनिक संस्थाहरूको योजना र स्वरुप (design) मा विश्वव्यापी अवधारणाहरू अवलम्बन गर्ने<br>▪ भूउपयोग उत्तरदायी उत्थानशील पूर्वाधार विकास परियोजनाहरूमा लगानी वृद्धि गर्ने<br>▪ शहरी क्षेत्रमा सार्वजनिक, निजी र सामुदायिक साझेदारी प्रवर्द्धन र आसपासका क्षेत्रमा पूर्वाधारको गर्ने |
| सम्पदा क्षेत्र वरिपरि सार्वजनिक सरसफाइ तथा व्यक्तिगत स्वच्छतामा सुधार गर्ने | ▪ शहरका लागि फोहोर व्यवस्थापन प्रणाली विकास गर्ने<br>▪ सम्पदा क्षेत्र तथा सार्वजनिक स्थानहरूको आसपासमा सार्वजनिक सरसफाइ सुविधा सञ्जाल विस्तार गर्ने<br>▪ शहरका वासिन्दामा स्वच्छता तथा सरसफाइ सम्बन्धमा जनचेतना वृद्धि गर्ने |
| सार्वजनिक जमिनहरूको संरक्षण र खुला क्षेत्रहरूको निर्माण | ▪ सबै सार्वजनिक तथा गुठी जग्गाको बृहद् सूची/अभिलेख तयार गर्ने<br>▪ तलाउ तथा तिनका वरिपरिको जमिनलाई सार्वजनिक स्थानका रुपमा संरक्षण र विकास गर्ने तथा तिनको सांस्कृतिक तथा धार्मिक महत्व उजागर गर्ने<br>▪ खुला जमिनको सञ्जाल र श्रृङ्खला (hierarchy) विकास गर्ने<br>▪ शहरी सुन्दरता तथा सम्पदा संरक्षणका लागि एक तलाउ/कुटी एक संस्था कार्यक्रमअन्तर्गत व्यवसायिक सामाजिक उत्तरदायित्व (CSR) कोषको परिचालन |

अपेक्षित उपलब्धि

- भूउपयोग क्षेत्र निर्धारणमा पहिचान गरिए बमोजिम शहरी सीमान्त क्षेत्रहरूमा उपयुक्त पूर्वाधार तथा सेवाहरूसहितको योजना तर्जुमा गरिएको हुने
- भवन आचार संहिता, नियमावलीहरू तथा मापदण्डहरूको कार्यान्वयनबाट सुरक्षित र उत्थानशील संरचना निर्माण भएको हुने
- सफा र हरियालीपूर्ण राजधानीका रुपमा शहरको छवि परिवर्तन भएको हुने

## ४.३ सामाजिक विकास

### ४.३.१ अवसर तथा व्यवधानहरू

यस विषय क्षेत्रअन्तर्गत शिक्षा, स्वास्थ्य, संस्कृतिसहित लैंगिक समानता र सामाजिक समावेशीकरण संलग्न छ । जनकपुरधाम नेपालमा सबैभन्दा कम साक्षरता दर (४०.९ प्रतिशत) र मानव विकास सूचकांक (०.४२) भएको प्रदेशमा

पर्दछ (प्रदेश नं. २ को आवधिक योजना, २०७६) । शहरमा सामुदायिक तथा संस्थागत विद्यालयको राम्रो सञ्जाल उपलब्ध भए पनि जनकपुरधामको साक्षरता ६९ प्रतिशत मात्र रहेको छ जसमध्ये पुरुष साक्षरता ७२.६९ प्रतिशत र महिला साक्षरता ५३.९८ प्रतिशत रहेको छ (के.त.वि., २०११) । यो एउटै तथ्यांकले पनि महिला, सीमान्तीकृत र छेउ लागेका समुदायमायहाँ विद्यमान लैंगिक विभेद, सामाजिक विषमता र विभेदलाई प्रस्तुत गर्दछ। जनकपुर उपमहानगरपालिकामा सामाजिक विकासका क्षेत्रमा रहेका प्रमुख चुनौतिहरू देहायअनुसार छन् :

- विगतमा सामान्यतया मिथिला क्षेत्र (प्रदेश नं. २) र विशेषगरी जनकपुरधाम काठमाडौंमा रहेको केन्द्रीय सरकारको लगानीका दृष्टिले कहिल्यै पनि प्राथमिकता क्षेत्रमा पर्न नसक्नु । यस्तै, विगतमा यस क्षेत्रमा निकै कम अन्तर्राष्ट्रिय विकास साझेदारले काम गर्नु ।
- सन् १९९० पश्चात् सामुदायिक विद्यालयहरूले निरन्तर विश्वास गुमाउँदै जानु र संस्थागत विद्यालयहरूले रिक्त स्थान पूर्ति गर्न नसक्नु
- समुदायमा अनियन्त्रित गरिबी तथा न्यूनस्तरको जनचेतना कारण भर्ना दरमा कमी हुनु तथा विद्यालय छाड्ने दर उच्च हुनु
- विद्यमान सामाजिक संरचना, विश्वास तथा सामाजिक विभेद र निषेधका कारण लैंगिक समानता तथा सामाजिक समावेशीकरण र शिक्षामा छात्राहरूको पहुँचलाई निस्तेज बनाउनु
- स्वास्थ्य संस्थाहरूको संख्या कम हुनु र गुणस्तरमा प्रश्न चिन्ह रहनु
- नागरिकमा स्वास्थ्य, स्वस्थ जीवन शैली, परिवार नियोजनका उपचारात्मक र निरोधात्मक विधि, महामारी, पानीजन्य रोगहरू तथा खोपका बारेमा जनचेतना न्यून हुनु
- जीवनशैली परिवर्तन, स्वास्थ्यसम्बन्धी सरोकार तथा विपद्को समयमा स्वास्थ्योपचारको आवश्यकताका बारेमा स्वास्थ्यकर्मी, चिकित्सक तथा स्वास्थ्य संस्थाहरूमा विपद् पूर्वतयारी न्यूनस्तरको हुनु
- मिथिला संस्कृति र सम्पदाको बारेमा अनुसन्धान, पुरातात्विक उत्खननसम्बन्धी प्रतिवेदन वा साहित्यिक कृतिहरू निकै न्यून रुपमा उपलब्ध हुन
- बालश्रम, बाल विवाह, दाइजो, घुम्टो हाल्ने परम्परा, छुवाछुत तथा बोक्सा-बोक्सीको धारणाप्रतिको विश्वास

उपर्युक्त व्यवधानहरूका बाबजुद शहरले नयाँ संघीय संचरनाअन्तर्गत नयाँ जीवन ऊर्जा महसुस गरिरहेको छ। नेपालमै धनुषा जिल्लाले सबैभन्दा बढी विप्रेषण प्राप्त गरिरहेको छ, जसको ठूलो हिस्सा घर व्यवहार, शिक्षा, स्वास्थ्यलगायतका सामाजिक क्षेत्रहरूमा प्रयोग भएको छ। मधेश आन्दोलनपश्चात्को अवधिमा नागरिकहरू उनीहरूको पहिचान, भूगोल, संस्कृति तथा सामाजिक विकासका बारेमा बढी संवेदनशील भएका छन् । जनकपुरधाममा सामाजिक विकास क्षेत्रमा रहेका प्रमुख अवसरहरू देहायबमोजिम छन् :

- प्राचीन तथा आधुनिक समयमा शैक्षिक उत्कृष्टता तथा प्राज्ञिक बहसको केन्द्रको रुपमा जनकपुरधामको इतिहास निर्माण हुनु
- सार्वजनिक तथा निजी शैक्षिक सञ्जालको उपस्थिति तथा जनकपुरधाममा नयाँ विश्वविद्यालय स्थापना हुनु
- संघीय तथा प्रदेश सरकार समावेशी शिक्षा तथा स्वास्थ्य प्रणालीका लागि काम गर्नु तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूलाई यस काममा परिचालन गर्नु
- समुद्रपारबाट प्राप्त विप्रेषणले गरिबी न्यूनीकरणमा सघाउ पुऱ्याउनु तथा शिक्षा र स्वास्थ्यमा लगानी बढ्नु

- जनकपुरधामलाई प्रदेशको अस्थायी राजधानी तोकिनुले विभिन्न निकाय तथा उद्यमीहरूको आकर्षण तथा लगानी बढ्नु
- खुला दिशामुक्त अभियान, बेटी बचाउ बेटी पढाउ, छात्राहरूका लागि साइकल, नवजात छोरीको बीमालगायतका कार्यक्रमहरूबाट लैंगिकताको सवाल सम्बोधन हुनु
- अपाङ्गता भएकाहरू, महिला सशक्ती करण, दलित सशक्तीकरण तथा सम्पदा संरक्षणका लागि नयाँ संस्थाहरूको स्थापना
- विद्युतीय सञ्चार माध्यममार्फत् समाज बाह्य विश्वसँगसम्पर्कमा आउनु

### ४.३.२ लक्ष्य, उद्देश्य तथा रणनीति

**लक्ष्य:**धान्न सकिने र पर्याप्त गुणस्तरीय स्वास्थ्य, शिक्षा तथा सामाजिक संस्थाहरू विकास गरी एउटा शिक्षित, स्वस्थ, समावेशी र सभ्य समाज सिर्जना गर्ने

**तालिका ५**

| उद्देश्य | रणनीति |
|---|---|
| विश्लेषणात्मक सोच र उद्यमशीलतासहितको तथा माग र मूल्यमा आधारित प्राविधिक शिक्षा प्रदान गर्ने | ▪ सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तरको सुधार र सबलीकरण गर्ने, शतप्रतिशत भर्नादर हासिल गर्ने र विद्यालय छोड्ने दरलाई ग्राह्य तहमा झार्ने<br>▪ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मागमा आधारित प्राविधिक शिक्षाको प्रवर्द्धन र सिप विकास क्रियाकलापहरू सञ्चालन गर्ने |
| अत्यावश्यक स्वास्थ्योपचार सेवा र धान्न सकिने, गुणस्तरीय उपचारात्मक स्वास्थ्य सुविधामा पहुँच वृद्धि गर्ने | ▪ निःशुल्क अत्यावश्यक स्वास्थ्य सुविधा सबै वडामा उपलब्ध गराउने<br>▪ निजी क्षेत्र तथा सार्वजनिक-निजी क्षेत्रलाई स्वास्थ्य परामर्श सेवाप्रति प्रोत्साहित गर्ने<br>▪ जनकपुर अस्पतालाई जनकपुर मेडिकल कलेज तथा अस्पतालका रुपमा स्तरोन्नति गर्न प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने<br>▪ स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य चौकीमा निःशुल्क चिकित्सा घुम्ती टोली (medical camp), सामुदायिक पदस्थापना र प्रशिक्षार्थी सेवाका लागि जानकी मेडिकल कलेजसँग सहकार्य गर्ने |
| जनकपुर उपमहानगरपालिकाको निर्णय प्रक्रिया तहमा महिला, दलित, अपाङ्गता भएकाहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने | ▪ महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत समुदायको शिक्षामा सहयोग गर्ने<br>▪ महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत समुदायकोसीप विकासका लागि तालिम कार्यक्रमहरू गर्ने<br>▪ नगरपालिकामा मानव स्रोत भर्ना गर्दा शिक्षित महिला, दलित, अपाङ्गता भएका र सीमान्तीकृत समुदायलाई समानुपातिक रुपमा आरक्षित गर्ने |

### ४.३.३ अपेक्षित परिणाम

सामाजिक विकास रणनीतिका अपेक्षित परिणामहरू देहायबमोजिम छन् :

यहाँको समाज उच्च मनोवलयुक्त, समता, समानता तथा सम्पूर्ण नागरिक सुविधाहरूमा सहज पहुँचयुक्त समावेशी, सुसंगत र सक्षम समुदायका रुपमा विकास हुनेछ। समुदायमा साक्षरता दर र औसत आयुले ठूलो फड्को मार्दै क्रमशः

९० प्रतिशत र ७५ वर्ष पुग्नेछ । नगरपालिकाका संस्थाहरूउपयुक्त सीप र सामाजिक मूल्यमान्यताबाट निर्देशितनिर्वाचित जनप्रतिनिधि सहित दक्ष र समावेशी मानव स्रोत सम्पन्न हुनेछ। महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत समुदाय प्रगतिशील रुपमा स्तरीय रोजगारीमा संलग्न हुनेछन् तथा उपयुक्त सीप र क्षमतासहित सम्पदा संरक्षणमा संलग्न हुनेछन्। नागरिकहरु सार्वजनिक क्रियाकलापहरू, समारोह, पर्व तथा उत्सवहरूमा सहभागी हुने तथा खुसी अनि प्रसन्न रहनेछन ।

## ४.४ स्वच्छता, सरसफाइ, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण

### ४.४.१ अवसर तथा व्यवधानहरू

यो शहर लामो समयदेखि यहाँको कमजोर स्वच्छता तथा दुर्बल सरसफाइका लागि परिचित छ। बंगुर तथा गाईवस्तुको बेपरवाह घुमफिर;अचाक्ली संख्यामा रहेका मच्छड; दुर्गन्धपूर्णरुपमा जमेका नाली; पोखरीभित्र, सडक किनारा अथवा खुला जमिनमा थुपारिएका फोहोर जनकपुरधामका केही व्यँग्ययोग्य साझा विशेषताहरू हुन् । खुला दिशाका कारण यो शहर पहिले महामारीबाट प्रभावित भइसकेको छ। जलवायु परिवर्तनका प्रभावका रुपमा यस शहरले जाडोमा शीत लहर तथा गर्मीमा लू तथा लामो अवधिको खडेरीको बढ्दो अनुभव गरिरहेको छ। यसका अतिरिक्त, बढी वर्षाका कारण वार्षिक रुपमा बाढी र डुवान तथा जलाध र दूधमती नदीमा तटबन्धनभन्दा माथिबाट बाढी पस्ने समस्या शहरको चुनौती कि रुपमा खडा भएको छ । यी सूचनाका आधारमा यस शहरलाई जलवायु परिवर्तनका असरहरूप्रति बढी उत्थानशील बनाउन र यहाँ विपद् जोखिम न्यूनीकरण गर्न तथा प्रभावकारी सरसफाइ प्रणाली स्थापना गर्न प्रमुख व्यवधानहरू निम्नअनुसार रहेका छन् :

- सामान्यत: महिलाहरूकोसाक्षरता दर न्यून हुनु तथा शहरका वासिन्दामा स्वच्छता तथा सरसफाइका सबाल हरूप्रति चेतना कम हुनु
- फोहोर व्यवस्थापनका लागि पर्याप्त भौतिक, आर्थिक तथा मानवीय स्रोत नहुनु
- ठोस फोहो र व्यवस्थापनकालागि सुधारिएको प्रणाली तथा बृहद् सार्वजनिक सरसफाइ योजना र कार्यान्वयन रणनीतिहरूको अभाव हुनु
- भवन नियमावली, योजनाका आचारसंहिता तथा मापदण्डको कमजोर कार्यान्वयन, राष्ट्रिय भवन आचार संहिताको पालनामा कमी तथा अव्यवस्थित वृद्धि र विपद् जोखिमबढ्दो अवस्थामा हुनु
- तलाउ तथा शहरी वन स्थानीय नागरिक तथा सार्वजनिक निकायहरूको अतिक्रमणका कारण शहरको आधारभूत संरचनाबाट लोप हुँदै जानु तथा यसका कारण पानीको प्रवाहमा वृद्धि हुनु र बाढी रोकिने दर न्यूनहुनु
- फोहोर व्यवस्थापनस्थल (ल्याण्डफिल साइट)का लागि जमिनको अनुपलब्धता- कोही पनि आफ्नो नजिकमा यसको निर्माणका लागि तयार नहनु
- सम्पदा क्षेत्र, सार्वजनिक स्थान तथा अन्य स्थानहरूमा छाडा छोडिने वस्तुभाउ (बंगुर तथा गाइ) र घरपालुवा जनावरहरू हुनु

उपरोक्त सबै बाधा व्यवधानका बावजुद विगत केही वर्षयता यस शहरमा उल्लेख्य परिवर्तन भएको छ। खुला दिशामुक्त अभियानको व्यापकतासँगै हाल प्रायः सबै घरधुरीमा शौचालय सुविधा छ, यद्यपि केही दलित वस्ती तथा सीमान्त

वस्तीहरूमा अद्यापि खुला दिशाको अभ्यास कायमै छ। यस परिवेशमा यस क्षेत्रमा रहेका मुख्य अवसरहरू देहायअनुसार छन् :

- सरसफाइको अवस्थामा सुधार गर्न तथा शहरको छवि परिवर्तनका लागि राजनीतिक नेतृत्व प्रतिबद्ध छ र यस अनुसार नै वर्तमान स्थानीय नेतृत्वको कार्यकालको प्रारम्भदेखि शहरको भित्रीभाग, बजार क्षेत्र तथा सम्पदा परिसरहरूको सरसफाइको काम जारी छ
- उपमहानगरपालिका जापान सहयोग नियोग तथा केही निजी संस्थाहरूसँग ठोस फोहोर व्यवस्थापनका लागि र सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाहरूमा सरसफाइका लागि युनेस्कोसँग छलफलमा छ
- नेपाल सरकार, खानेपानी तथा सरसफाइ विभागले यहाँका ३२ तलाउहरूको संरक्षणको कार्यक्रम सुरु गरेको छ
- शहरका वासिन्दाका बीचमा जनचेतनाको स्तर बढ्दो क्रममा छ
- सुरक्षित शहरी संरचना निर्माणार्थ प्रदेश तथा संघीय सरकारले राष्ट्रिय भवन आचार संहिता तथा नमुना भवन नियमावलीको अनिवार्य कार्यान्वयनका लागि अनुरोध गरेका छन्
- शहरी संरचनाभित्र सन्तुलित रुपमा वितरण भएका २०० भन्दा बढी तलाउहरूमा जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता वृद्धि गर्न सकिने ठूलो संभावना छ
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रमले शहरमा घट्दो भूमिगत पानीको तह वृद्धि गर्न योगदान गर्न सक्छ

### ४.४.२ लक्ष्य, उद्देश्य तथा रणनीतिहरू

लक्ष्यः जनकपुरधाम एउटा सफा, हरियालीपूर्ण, सुरक्षित, जलवायुमैत्री र सुन्दर शहरमा रुपान्तर हुनेछ

तालिका ६:

| उद्देश्य | रणनीति |
|---|---|
| वातावरण संवेदनशील समाज निर्माण गर्ने | ▪ वातावरणीय रुपमा संवेदनशील क्षेत्रहरूको वरिपरि मानवीय गतिविधिको असर न्यूनीकरण गर्न मध्यवर्ती क्षेत्र निर्माण गर्ने<br>▪ तलाउ, नदी तथा सार्वजनिक स्थानका वरिपरि हरियाली क्षेत्र, उद्यान तथा खुला व्यायामशाला विकास गर्ने |
| एकीकृत फोहोर व्यवस्थापन तथा सार्वजनिक सरसफाइको माध्यमबाट शहरलाई एक सफा, हरियालीपूर्ण र सुन्दर शहरका रुपमा विकास गर्ने | ▪ निजी क्षेत्रसँगको सहकार्यमा घरायसी, व्यापारिक तथा औद्योगिक फोहोर व्यवस्थापनमा 3R (reduce, reuse and recycle) को अवधारणा लागू गरी शून्य फोहोरको अवधारणा प्रवर्द्धन गर्ने<br>▪ ठूला महोत्सवहरूका लागि आवश्यक पर्ने सरसफाइ प्रणालीको विकास गर्ने, यसबाट सार्वजनिक शौचालयहरूको संख्यामा वृद्धि हुने<br>▪ सार्वजनिक निजी साझेदारी गरी ल्याण्डफिल साइट तथा फोहोरबाट ऊर्जा उत्पादन गर्ने प्रविधिका लागि उपयुक्त समाधान पहिचान गर्ने |
| सुरक्षित संरचनात्मक पूर्वाधार, जलवायुमैत्री शहरी सुविधा तथा पूर्वाधार विकास गर्ने | ▪ नवीकरणीय ऊर्जाका साथसाथै पैदलयात्रा, साइकिल यात्रा तथा सार्वजनिक यातायात प्रणालीको प्रवर्द्धन गर्ने<br>▪ भवन तथा पूर्वाधार निर्माणमा जलवायु परिवर्तन तथा विपद् न्यूनीकरण र अनुकूलनका प्रावधानहरूसहितका मान्यता तथा मापदण्डको कार्यान्वयन गर्ने |

| उद्देश्य | रणनीति |
| --- | --- |
| | ▪ भूमिगत जलमा पुनर्भरण (recharge) वृद्धि तथा चुरे संरक्षणका लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गर्ने |

### ४.४.३ अपेक्षित परिणाम

यस उपमहानगरपालिकामा स्थानीय परिवेश अनुकूलको वातावरण संरक्षण नीतिहरू, अनुगमन पद्धति र संस्थागत प्रावधानहरू स्थापित भएका हुनेछन् । घरायसी, व्यापारिक तथा औद्योगिक फोहोरको संकलन, प्रशोधन,उपचार तथा विसर्जनका लागि शहरमा आवश्यक संरचना उपलब्ध भएको हुनेछ। शहरले सरसफाइका आधुनिक सुविधाहरू उपलब्ध गराउनेछ तथा फोहोर व्यवस्थापन, सरसफाइ र जलवायु परिवर्तन अनुकूलनसम्बन्धमा यहाँका नागरिकमा व्यावहारिक परिवर्तन आई उच्चस्तरको सचेतना र विश्लेषणात्मक सोचमा वृद्धि भएको हुनेछ।

## ४.५ संपदा संरक्षण

### ४.५.१ व्यवधान तथा अवसरहरू

जनकपुरधाम एउटा सम्पदा शहर हुनुका साथै अयोध्या, भारतका राजकुमार भगवान् रामसँग विवाहित देवी सीताको जन्मस्थान भएकाले विश्वभरका डेढ अर्बभन्दा बढी हिन्दूहरूका लागि आस्थाको केन्द्रसमेत हो ।महान् काव्य रामायणले जनकपुरधामलाई एउटा पवित्र स्थलको रुपमा स्थापित गरेको छ जहाँ संसारभरका हिन्दुहरू जीवनमा कम्तीमा यो ठाउँको एक पटक भ्रमण गर्ने चाहना राख्दछन् । यस शहरमा जानकी मन्दिर, राम मन्दिर, विवाह मण्डप, गंगा सागर, धनुष सागरका अतिरिक्त थुप्रै संख्यामा कुटीहरू, मन्दिरहरू, धार्मिक पोखरी तथा अन्य पवित्र स्थलहरू रहेका छन् । मानव जातिको प्राचीन तथा आधुनिक इतिहासमा पनि यो शहर मिथिला सभ्यताको राजधानीका रुपमा रहेको छ, जहाँ विश्वप्रसिद्ध मिथिला चित्रकला, लोक गीत, लोक कथा, नाटकसहित आफ्नै विशिष्ट भाषा र संस्कृति रहेको छ।

उपर्यु`क्त सारा वास्तविकताका बावजूद यस शहरले पर्यटन प्रवर्द्धन गर्न र आफूलाई एक अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न सकेको छैन । जनकपुरधामलाई सम्पदा शहरका रुपमा स्थापित गर्ने दिशामा रहेका प्रमुख चुनौतिहरू देहायअनुसार छन् :

- आफ्नो सम्पदा र त्यसको संरक्षण तथा विकासको महत्वप्रति असंवेदनशील र असचेत नागरिक
- महन्त, गुठी तथा संस्थाहरूद्वारा सम्पदा क्षेत्र तथा अन्तर्गतका सम्पत्तिको गुणस्तरहीन मर्मत तथा व्यवस्थापन
- शहरका मूर्त र अमूर्त सम्पदाहरू सम्बन्धमा निकै न्यून अध्ययन तथा पुरातात्विक अन्वेषण, परिणामतः पुस्तकालय तथा आमसञ्चारमा यस सम्बन्धमा विश्वसनीय सन्दर्भ सामग्रीको शून्यप्रायः उपलब्धता
- कुटी, मन्दिर, पोखरी तथा सम्बन्धित जमिनमा सार्वजनिक तथा निजी संस्थाहरूको अतिक्रमण हटाउनका लागि संघीय तथा स्थानीय सरकारको तहमा अपर्याप्त नीति, कानुन तथा प्रयासहरू
- एक सय ५० भन्दा बढी मठमन्दिरहरू, २०० तलाउहरू तथा उक्त मन्दिरहरूअन्तर्गत रहेका सयौं बिगाह जमिनको संरक्षण, विकास तथा व्यवस्थापनका लागि विश्वसनीय संस्थागत प्रशाासकीय प्रक्रियाहरूको अभाव

नगर सरकारले मुख्य शहरी भागलाई युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत गराउन प्रक्रिया सुरु गरेको छ र स्थानीय समुदाय तथा नागरिकहरूलाई व्यक्ति तथा समुदायको जीवन र भावि पुस्ताको लागि उनीहरूको सम्पदा र त्यसको

महत्वका बारेमा सचेत बनाउने काम सुरु गरेको छ । देहायमा उल्लेख गरिएअनुसार यस शहरलाई एउटा सम्पदा शहर बनाउन एउटा बृहत अवसर उपलब्ध छ :

- नागरिक, नागरिक समाज, स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारमा सम्पदाप्रतिको बुझाइका सम्बन्धमा चेतना बढ्दो अवस्थामा रहेको
- जनकपुरधाम मिथिला सभ्यताको राजधानीका रुपमा रहेको तथ्य स्थापित छ तर यस शहरलाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न भने प्रयासको आवश्यकता रहेको
- जानकी मन्दिर, राम मन्दिर तथा यसका वरिपरिका क्षेत्रलाई युनेस्को विश्व सम्पदा सूचीमा सूचीकृत गर्न सहयोग रहेको
- प्रदेश नं. २ को प्रस्तावित राजधानी भएकाले जनकपुरधाममा लगानी गर्न थप आकर्षण बढेको
- जनकपुरधामको संरक्षण तथा विकासका लागि पुरातत्व विभाग तथा युनेस्कोको चाख बढ्दै गएको
- जनकपुरधाममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी तथा उत्तर प्रदेश, भारतका मुख्य मन्त्री आदित्यनाथ योगीको भ्रमणपश्चात् विगत केही वर्षयता पर्यटकको संख्या बढ्दै गएको
- जनकपुरधाम बृहत रामायण सर्किट तथा भारतको अयोध्यासँगको भगिनी सम्बन्ध स्थापना भएको
- भारतसँग जोड्ने पुनर्स्थापित रेल मार्ग खुल्ने अवस्थामा रहेको र जनकपुरधामलाई भारत तथा नेपालमा बढी जनसंख्या भएका क्षेत्रहरूसँग जोड्ने सडक सञ्जालहरू निर्माण भएको

### ४.५.२ लक्ष्य, उद्देश्य तथा रणनीतिहरू

**लक्ष्य:** सामान्य त: मिथिला क्षेत्रका र बिशेषत: जनकपुरधामका मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण गर्ने

**तालिका ७**

| उद्देश्य | रणनीति |
|---|---|
| जनकपुरधामका सम्पदाको संरक्षण गर्ने | ▪ शहरका सबै मूर्त तथा अमूर्त सम्पदाको पहिचान, अभिलेखीकरण र संरक्षण<br>▪ शहरका सम्पदा क्षेत्रसम्बन्धी साहित्यको अनुसन्धान तथा विकास<br>▪ मानव जातिको जीवित संग्रहालयका रुपमा मिथिला गाउँको स्थापना/विकास<br>▪ आवश्यक कानुन, संस्थागत प्रवन्ध तथा प्रविधि तर्जुमा तथा सम्पदा संरक्षणका लागि वित्तीय सहयोग |
| सम्पदा संरक्षणलाई जीविकोपार्जनसँग जोड्ने | ▪ कलाकृतिको उत्पादन र विकासमा सिमान्तकृत समुदायको परिचालन तथा यसलाई पर्यटनसँग आबद्ध गर्ने<br>▪ लोकसंगीत, नाच तथा परम्परागत ज्ञानको विकास/प्रस्तुतीको लागि पर्यटन उद्यमी र स्थानीय समुदायबीचको सहकार्य गर्ने<br>▪ मिथिला कला र सांस्कृतिक क्रियाकलापहरूको विकासका लागि महिला उद्यमीहरूको प्रवर्द्धन गर्ने |
| सम्पदा संरक्षण र व्यवस्थापनमा युवा तथा | ▪ मिथिला कला र संस्कृतिको संरक्षण र विकासका लागि मिथिला नाट्य परिषद्, महिला विकास केन्द्र तथा युवा क्लब र अन्य संस्थाहरूलाई सहयोग गर्ने |

| | |
|---|---|
| नागरिक समाज संस्थाको क्षमता वृद्धि गर्ने | ▪ जनकपुरधामसम्बन्धी अनुसन्धान तथा साहित्यिक विकासका लागि राजर्षि जनक विश्व विद्यालय तथा रामस्वरुप रामसागर बहुमुखी क्याम्पसलाई सहयोग गर्ने<br>▪ यस क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरूसँग समन्वय गर्न नगरपालिका पर्यटन फोरमको रुपमा छाता संगठनको विकास गर्ने<br>▪ अन्तर्राष्ट्रिय स्तरका विशिष्ठ व्यक्तिहरूलाई आमन्त्रण गर्ने र विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सम्पदालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने |

### ४.५.३ अपेक्षित परिणाम

अपेक्षित उपलब्धी हासिल गर्न यस क्षेत्रमा अनेकौं काम गर्नुपर्नेछ, यसको परिणाम निम्नअनुसार हुनेछः

- मन्दिर, पवित्र स्थलहरू, कुटी, तलाउलगायत हरेक सम्पदा क्षेत्रको छुट्टै अभिलेखीकरण तथा दस्तावेजीकरण गरी सार्वजनिकीकरण गर्ने
- विभिन्न चरणमासंरक्षण तथा विकास कार्य सम्पन्न गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकको आगमनमा वृद्धि भएको हुने
- स्थानीय समुदाय मूलतः सिमान्तकृत समुदाय तथा महिलाहरूले मिथिला कला, संस्कृति तथा सम्पदाको संरक्षणमा संलग्न हुने र पर्यटन उद्यमीको स्थान लिने
- जनकपुरधामका बारेमा प्राज्ञिक अनुसन्धानमूलक लेख तथा दस्तावेजहरूसार्वजनिक क्षेत्र तथा इन्टरनेट खोज यन्त्र (search engine) हरूमा उपलब्ध भएको हुने
- घरेलु उद्योगहरू कला तथा कलाकृतिको विकासमा संलग्न भएका हुने

## ४.६ संस्थागत विकास र शासन

जनकपुरधाम राज्य पुनर्संरचनापछि सन् २०१७ मा उपमहानगरपालिकाका रुपमा गठन भयो र यसलाई विकास योजना तर्जुमा, कार्यान्वयन तथा शहरको समग्र विकासको अतिरिक्त स्थानीयसेवा प्रवाहको पनि जिम्मेवारी छ । गौरवपूर्ण इतिहास तथा विकासको अथाह सम्भावना हुँदाहुँदै पनि नगरको विकास तथा सेवा प्रवाह नेपालका अन्य शहरको तुलनामा निकै कमजोर रहेको छ । फितलो शासन प्रणाली यसरी पछि पर्नुको एउटा प्रमुख कारण हो । सुशासनको पालनामा रहेका प्रमुख चुनौतिहरू देहायबमोजिम छन् :

- नगरपालिका स्वयम्‌को अपर्याप्त संस्थागत सामर्थ्य एवं सो देखिने स्तरकोअधिकारी/पदाधिकारीको योग्यता तथा क्षमता
- निर्वाचित जनप्रतिनिधि, प्रशासनिक तथा प्राविधिक कर्मचारीहरूमा न्यूनस्तरको मनोवल, निम्नस्तरको निष्ठा तथा कमजोर जवाफदेहिता
- योजना तर्जुमा, वित्तीय व्यवस्थापन र लेखापरीक्षणमाजवाफदेहिता तथा पारदर्शिताको कमी
- सेवा सुविधा का न्यूनतम प्रावधान तथा मापदण्ड पूरा गर्नका लागि पनि ठूलो स्रोतको कमी
- अवैज्ञानिक संस्थागत संरचना, मानव स्रोतको बाँडफाँड तथा अनुगमन र मूल्यांकन पद्धति

- दण्ड र पुरस्कारको पद्धति तथा नगरपालिका कर्मचारीका लागि वृत्ति विकास योजनाको अभाव
- प्रमुख प्रशासकीय अधिकारीको बारम्बारको फेरबदल तथा स्थानीय सरकार तथा संघीय निजामती सेवाप्रतिको जवाफदेहिता र बफादारिताको दोहोरोपन

संस्थागत विकास तथा सुशासनको दृष्टिले विद्यमान अवसरहरू देहायअनुसार छन् :

- संविधानले स्थानीय तहलाई कार्यकारी, न्यायपालिकीय र व्यवस्थापकीय गरी तीनवटै किसिमका अख्तियारी प्रदान गरेको हुँदा शासनमा नागरिकको पहुँच वृद्धि भएको
- नगरपालिकामा योजना तर्जुमालगायत विकास गतिविधिको कार्यान्वयन तथा अनुगमन प्रणालीमा सहभागितामूलक, परामर्श र सहकार्यमा आधारित पद्धतिहरूको विकास भइरहेको
- नगरपालिकाको कार्य र कार्यसम्पादन स्तर पनि उत्तरोत्तर स्थानीय समुदायको दृष्टिगोचर अवस्थामा रहेको
- वित्तीय स्रोत र जिम्मेवारीहरू बढ्दो स्तरमा रहेको
- नगरपालिकाको संस्थागत सबलीकरण तथा क्षमता विकासमा विकास साझेदारलगायत संघीय र प्रदेश सरकारको बढ्दो रुची

### ४.६.१ लक्ष्य, उद्देश्य तथा रणनीति

**लक्ष्य:**पारदर्शी, जवाफदेही, जिम्मेवार र सक्षम स्थानीय सरकारको माध्यमबाट स्थानीय नागरिकलाई ग्राह्य, मितव्ययी, धान्न सकिने र गुणस्तरीय सेवा उपलब्ध गराउने ।

तालिका ८

| उद्देश्य | रणनीति |
|---|---|
| स्थानीय नागरिक लक्ष्यित सेवा प्रवाहको गुणस्तर र पहुँच वृद्धि | ▪ गुनासो तथा क्षतिपूर्तिसमेतको प्रावधान भएको नागरिक वडापत्रसहितकोसेवा प्रवाह पद्धतिको विकास तथा कार्यान्वयन<br>▪ वडा तथा नगरपालिका तहबाट सेवा प्रवाहका लागि मापदण्ड तथा मान्यता (Standard and norms)को स्थापना र कार्यान्वयन<br>▪ नगरपालिका कर्मचारीमा जवाफदेहिता र उच्च मनोवलको विकास |
| उपमहानगरपालिकाको संस्थागत क्षमताको सबलीकरण | ▪ नगरपालिकाको सेवा प्रवाह प्रणालीमा संगठन क्षमता विकास (OD)योजना तर्जुमा र लैंगिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नीतिको आन्तरिकीकरण गर्ने । यसका लागि निर्वाचित जनप्रतिनिधि तथा प्रशासनिक कर्मचारीसमेतमा नगरपालिका जवाफदेहिता संयन्त्र कार्यान्वयनमा ल्याउने<br>▪ नगरपालिकाले सुदृढ- नेपाल शहरीउत्थानशीलता परियोजना(NURP) को सहयोगमा क्षमता विकास योजना र क्रियाकलापहरू तर्जुमा<br>▪ सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग गर्ने |

| उद्देश्य | रणनीति |
|---|---|
| राजस्व, कार्यक्रम बजेट तर्जुमा, खर्च तथा लेखापरीक्षणमा पारदर्शिता वृद्धि | ▪ वित्तीय व्यवस्थापन तथा लेखा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग<br>▪ वार्षिक खर्चको आन्तरिक तथा सार्वजनिक लेखा परीक्षण<br>▪ नगरपालिकाको आन्तरिक राजस्व वृद्धिको योजना तर्जुमा र कार्यान्वयन |
| नगरपालिकामा वैज्ञानिक मूल्यांकन प्रणालीमा आधारित दण्ड र पुरस्कार पद्धतिको स्थापना | ▪ स्थानीय सरकारमा कर्मचारीको कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कार पद्धतिको स्थापना<br>▪ आफ्नो कार्यक्षेत्रभित्रको काममा स्वतन्त्रताको प्रावधान<br>▪ कार्यसम्पादनमा आधारित करार पद्धति तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको स्थापना र कार्यान्वयन<br>▪ नगरपालिकाका क्रियाकलाप तथा कार्यसम्पादनका लागि सूचना व्यवस्थापन प्रणालीको विकास |

### ४.६.२ अपेक्षित प्रतिफल

नागरिकहरूले नगरपालिकाबाट प्रभावकारी र धान्न सकिने खालको सेवा प्राप्त गर्नेछन् र नगरपालिकाको न्यायिक समितिमा मुद्दाको संख्या घटेको हुनेछ । नागरिकहरू आफ्नो अधिकार र जिम्मेवारीप्रति बढी सचेत भएका हुनेछन् । उपमहानगरका निर्वाचित जनप्रतिनिधि, प्रशासनिक तथा प्राविधिक कर्मचारीहरू आफ्नो कार्य सञ्चालनका लागि तथा सर्वसाधारणको हितका लागि बढी दक्ष, क्षमतावान र जिम्मेवार भएका हुनेछन् । उपमहानगरपालिका नागरिकको जीवनस्तरको गुणस्तर वृद्धि गर्नका लागि स्रोत वृद्धि/आकर्षित गर्न र विकास योजना तर्जुमा तथा कार्यान्वयन गर्न सक्षम भएको हुनेछ । नगरपालिकाले व्यवसायका लागि, दीगो पर्यटन गतिविधिका लागि तथा सार्वजनिक बहसका लागि उपयुक्त वातावरण सिर्जना गर्नेछ ।

## ५. आवधिक रणनीतिक कार्ययोजना

माथि उल्लेख गरिएअनुसारका विषय क्षेत्रगत उद्देश्य तथा रणनीतिहरू हासिल गर्नका लागि सम्बन्धित कार्यनीति तथा संस्थाहरू देहाय बमोजिम रहेका छन् :

## ५.१ समावेशी आर्थिक विकास

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| मूलतः सांस्कृतिक पर्यटन, कृषि र व्यापार मार्फत् जनकपुरको अर्थतन्त्र उकास्ने | पर्यटकको संख्या, तिनीहरूको बसाइ अवधि तथा प्रतिव्यक्ति खर्चमा वृद्धि गर्ने | ▪ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय (भारत) सम्पर्क विस्तार (रेल, सडक, हवाइ माध्यमबाट भारत : जनकपुर-देल्ही रेल मार्ग, जनकपुर-अयोध्या बस, जनकपुर-पटना हवाइजहाज) | २०७७ | संघीय सरकार | ▪ जनकपुर उपमहानगर,<br>▪ प्रदेश २ सरकार |
| | | ▪ योग र आध्यात्मिक प्रवचनसहितको कुटी बसाइको विकास | २०७७ | जनकपुर उपमहानगरपालिका | ▪ मन्दिर, पवित्र स्थल<br>▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |
| | | ▪ नजिकका पर्यटकीय गन्तव्यहरू झल्काउने पर्यटन नक्सा तथा सूचनाको विस्तार | २०७७ | जनकपुर उपमहानगरपालिका | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |
| | ▪ पर्यटकीय उत्पादन, कलाकृति र पर्यटकीय पूर्वाधारमा निजी लगानीकर्ताहरूलाई आकर्षित गर्ने | ▪ मन्दिर, कुटी तथा कुटी-बसाइको संरक्षण र विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन | २०७९ | जनकपुर उपमहानगरपालिका | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |
| | | ▪ स्थानीय शिल्प, कलाकृति तथा स्मारिकाहरू प्रकाशनका लागि सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्ने | २०७८ | जनकपुर उपमहानगरपालिका | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |
| | ▪ व्यवसायलाई सांस्कृतिक कार्यक्रमहरू, कला प्रदर्शन तथा | ▪ रामलीला, झिजिया नाचजस्ता सांस्कृतिक प्रदर्शनलाई दैनिक रुपमा होटल तथा मन्दिरहरूसँग आवद्ध गर्ने | २०७७ | जनकपुर उपमहानगरपालिका | ▪ निजी क्षेत्र |
| | | ▪ मिथिला कला गाउँको विकास | २०८१ | ज.उ.न.पा. | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | कलाकृतिसँग आवद्ध गर्ने | | | | |
| | ▪ कृषि उद्यम, माछापालन, पशुपालनको विकास तथा यिनलाई मिथिला खाना, मिथिला मिठाइसँग जोड्ने | ▪ कृषि प्रशोधन क्षेत्र स्थापना | २०८१ | ज.उ.न.पा. | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |
| | | ▪ जनकपुर डेरी तथा जनकपुर मिठाईलाई ब्राण्डको रुपमा प्रवर्द्धन गर्ने | २०७९ | ज.उ.न.पा. | ▪ निजी क्षेत्र<br>▪ प्रदेश २ सरकार |
| | | ▪ स्थानीय उत्पादनहरूलाई मिथिला थालीका रुपमा प्रवर्द्धन गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ निजी क्षेत्र |
| | ▪ व्यापार र लगानीका लागि सहज वित्तीय पहुँच सुनिश्चित गर्ने | ▪ पर्यटन, पूर्वाधार, उद्योगसम्बन्धी क्रियाकलापमा सस्तो व्याजका ऋणको उपलब्धता | २०७९ | ज.उ.न.पा. | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |
| | | ▪ व्यापार उत्पादनको क्षेत्रमा सहकारीहरू मार्फत विप्रेषण परिचालन | २०७८ | ज.उ.न.पा. | ▪ निजी क्षेत्र<br>▪ प्रदेश २ सरकार |
| | ▪ जनकपुरधामलाई वैवाहिक गन्तव्यका रुपमा स्थापना गर्न सुविधाहरू विकास विस्तार | ▪ मणि मण्डपको संरक्षण र विकास (भगवान राम र सीताको विवाह भएको स्थल) | २०८० | ज.उ.न.पा. | ▪ निजी क्षेत्र<br>▪ प्रदेश २ सरकार |
| | | ▪ विवाह हल र सम्बन्धित पूर्वाधारको विकास | २०८० | निजी क्षेत्र | ▪ ज.उ.न.पा. |
| जनकपुर उपमहानगरपालिका भित्र समावेशी स्थानीय आर्थिक गतिविधिहरूको | ▪ मिथिला कला, कलाकृति तथा सांस्कृतिक प्रदर्शनमा महिला उद्यमीहरूको प्रवर्द्धन | ▪ मिथिला कला, कलाकृति तथा झिजिया नाचजस्ता सांस्कृतिक प्रदर्शनका लागि महिलाहरूलाई सीप विकास तालिम | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ मिथिला कला र कलाकृतिको उत्पादन तथा बजरीकरणका लागि महिला उद्यमी तथा सहकारीहरूको विकास | २०७९ | निजी क्षेत्र | ▪ ज.उ.न.पा. |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| बढावाका लागि योजना तर्जुमा | | ▪ महिला समूहहरूलाई सांस्कृतिक कार्यक्रमका लागि होटल तथा मन्दिरहरूसँग आबद्ध गर्ने | २०७८ | निजी क्षेत्र | ▪ ज.उ.न.पा. |
| | ▪ दलित समुदायलाई माछा तथा पशुपालनमा ल्याउन संयन्त्रको स्थापना | ▪ माछापालनका लागि सामुदायिक पोखरीहरू भाडामा लिने दलित सहकारीहरूको प्रवर्द्धन | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ दलित तथा सीमान्तकृत समुदायलाई पशुपालन तथा डेरी व्यवसायमा प्रोत्साहन | २०७८ | ज.उ.न.पा. | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |
| | ▪ सीमान्तकृत समुदायको सीप विकास र उद्योग क्षेत्रमा आवद्धता | ▪ सीमान्तकृत समुदायलाई सहकारी गठन, कबुलियती खेती, उच्च मूल्यका बाली तथा तिनको बजारीकरण सम्बन्धमा सीप विकास तालिम | २०७८ | ज.उ.न.पा. | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |
| | | ▪ सीप विकास तालिमलाई स्थानीय उद्योगहरूको मागसँग आबद्ध गर्ने | २०७८ | ज.उ.न.पा. | ▪ निजी क्षेत्र |
| | | ▪ सहकारीहरूलाई साना तथा घरेलु उद्योगतर्फ परिचालित गर्ने | २०७८ | ज.उ.न.प.ा | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |

## ५.२ शहरी विकास तथा पूर्वाधार

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| शहरको व्यवस्थित स्वरुपको विकास गर्ने | ▪ भविष्यमा शहरीकरण हुने क्षेत्रहरूमा भूउपयोग क्षेत्र निर्धारण तथा भूमि विकास योजनाहरू कार्यान्वयन | ▪ भू-उपयोग नीति तथा भू-उपयोग ऐनमा आधारित भू-उपयोग क्षेत्र नक्सा तयारी | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ शहरी केन्द र बाह्य वस्तीहरूका नयाँ शहर विस्तार क्षेत्रमा स्थानीय योजनाका लागि भूमि व्यवस्थापन कार्यक्रम विकास र कार्यान्वयन | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ हरेक क्षेत्रको भूउपयोग क्षेत्रमा भूउपयोग क्षेत्र अनुकूलको पूर्वाधार योजना विकास | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ भवन नियमावली तथा योजना तर्जुमा मापदण्ड र मान्यताहरूको कार्यान्वयन | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ राजधानी वस्तीका लागि ग्राह्य स्थानको पहिचान | २०७७ | प्रदेश २ सरकार | ▪ संघीय सरकार |
| | | ▪ वित्तीय स्रोत पहिचान र पूर्वाधार विकास गरी राजधानी नगर वस्ती (Capital township) योजनाको तर्जुमा तथा कार्यान्वयन | २०७९ | प्रदेश २ सरकार | ▪ संघीय सरकार |
| नागरिकमैत्री उत्थानशील शहरी पूर्वाधार विकास | ▪ शहरी पूर्वाधारको स्वरुपको योजना तर्जुमा तथा शिक्षण र स्वास्थ्य | ▪ भवन नियमावलीहरूमा विश्वव्यापी नमुना सिद्धान्तहरूको मूलप्रवाहीकरण तथा सार्वजनिक भवनका लागि अनुमति पद्धति | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | संस्थाहरूसहित सम्पूर्ण सार्वजनिक संस्थाहरूमा विश्वव्यापी नमूना अवधारणा (design concepts) हरूको अवलम्बन | ▪ पूर्वाधार योजना तर्जुमा, रेखाङ्कन तथा निर्माणमा विश्वव्यापी नमुना सिद्धान्तहरूको मूलप्रवाहीकरण (शहरी पूर्वाधार मापदण्ड) | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ विद्यमान तथा हालै निर्माण सम्पन्न भएका सार्वजनिक भवन तथा पूर्वाधारहरूको विश्वव्यापी नमूना सिद्धान्त(design concepts) हरूका आधारमा स्तरोन्नति | २०८० | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ भूउपयोग योजना अनुकूलका उत्थानशील पूर्वाधार विकास योजनाहरूको लगानीमा वृद्धि | ▪ पूर्वाधार विकासका लागि सार्वजनिक-निजी साझेदारी नीतिको तर्जुमा र कार्यान्वयन | २०८० | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ व्यवस्थित पूर्वाधार विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग परिचालन | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार<br>▪ संघीय सरकार |
| | ▪ शहर तथा आसपासको क्षेत्रको पूर्वाधार विकासमा सार्वजनिक-निजी-सामुदायिक साझेदारी प्रवर्द्धन | ▪ स्थानीय क्षेत्र योजना कार्यान्वयनमा टोल सुधार समिति परिचालन | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ तलाउ तथा मन्दिर आसपासका क्षेत्रमा फोहोर व्यवस्थापन तथा समावेशी खुला स्थानहरू निर्माणका लागि युवा क्लब तथा निजी क्षेत्र परिचालन | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| सम्पदा क्षेत्र आसपास | ▪ शहरका लागि फोहोर | ▪ शहरको फोहोर व्यवस्थापन योजना तर्जुमा | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| सार्वजनिक तथा निजी सरसफाइमा वृद्धि गर्ने | व्यवस्थापन प्रणालीको विकास | ▪ फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार योजना तर्जुमा र विकासको कार्यान्वयन | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ फोहोर व्यवस्थापनमा निजी क्षेत्र, गैसस तथा युवा क्लबहरू परिचालन | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ सम्पदा क्षेत्र र सार्वजनिक स्थानको आसपासमा सार्वजनिक सरसफाइ सुविधा सञ्जाल विस्तार गर्ने | ▪ मुख्य सम्पदा क्षेत्र तथा महोत्सवहरूका लागि सरसफाइ सुधार योजना तर्जुमा | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार<br>▪ संघीय सरकार |
| | | ▪ सम्पदा क्षेत्र आसपासमा आवश्यक पूर्वाधार विकास योजना तर्जुमा र कार्यान्वयन | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ व्यक्तिगत स्वच्छता तथा सरसफाइ सम्बन्धमा शहरका वासिन्दाहरूमा जनचेतना जागरण | ▪ जनचेतना जागरणका लागि स्थानीय सञ्चार माध्यम तथा एफ.एम. स्टेशनहरूको प्रयोग | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ खुला दिशामुक्त क्षेत्र कार्यक्रममार्फत् सीमान्तकृत समुदायमा सामुदायिक सरसफाइको प्रयोग | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| सार्वजनिक जमिनको संरक्षण तथा खुला क्षेत्रहरूको सञ्जाल निर्माण | ▪ सार्वजनिक तथा गुठी जमिनको विस्तृत सूची तयारी | ▪ सम्भावित सबै जग्गाधनीहरूलाई समावेश गरेर समन्वय समितिको गठन | २०७७ | | ▪ |
| | | ▪ कित्तानक्सा तथा उपयोगको विद्यमान अवस्थासहितको अभिलेख तथा विद्युतीय तथ्यांकाधार (database) तयार गर्ने | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | ▪ तलाउ तथा तिनको आसपासको क्षेत्रलाई सार्वजनिक क्षेत्रअन्तर्गत संरक्षण तथा विकास गर्ने र तिनीहरूको सांस्कृतिक तथा धार्मिक महत्वको प्रवर्द्धन गर्ने | ▪ तलाउ तथा सार्वजनिक क्षेत्रको संरक्षण तथा विकास योजना तर्जुमा<br>▪ | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ खुला क्षेत्रहरूको सञ्जाल तथा श्रेणी विकास गर्ने (छिमेक, वडा र नगरतह) | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ होटल तथा बैंकहरूबाट CSRकोषको एक पोखरी/संख्या एक संस्था कार्यक्रमअन्तर्गत शहरको सौन्दर्यीकरण तथा सम्पदा संरक्षण | ▪ CSR अन्तर्गत एक संस्था (होटल/बैंक) एक पोखरी/कुटीको संरक्षण र विकास<br>▪ | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ शहरको विकास र व्यवस्थापनमाCSR को प्रयोग गर्न नीतिहरू तर्जुमा र कार्यान्वयन | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |

## ५.३ सामाजिक विकास

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| विश्लेषणात्मक सोच र उद्यमशीलतासहितको तथा माग र मूल्यमा आधारित प्राविधिक शिक्षा प्रदान गर्ने | ▪ सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तरको सुधार र सबलीकरण गर्ने तथा विद्यालय भर्नादरलाई शतप्रतिशत ल्याउने र छोड्ने दरलाई ग्राह्य तहमा झार्ने | ▪ सामुदायिक विद्यालय निरीक्षणका लागि गुणस्तर सुनिश्चितता योजना, पद्धति तथा मापदण्ड विकास गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ उच्च माध्यमिक शिक्षालाई आतिथ्य व्यवस्थापन, होटल व्यवस्थापन, पर्यटन विकास, कला तथा सम्पदा संरक्षणलगायतका प्राविधिक विषय समेटेर सबलीकरण गर्ने | २०८० | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ सामुदायिक विद्यालयहरूसँग राष्ट्रियस्तरका प्रतिष्ठित विद्यालयहरूसँग सम्पर्क स्थापित गर्ने (भगिनी सम्बन्ध अवधारणा) | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ पाठ्यक्रम तथा अध्ययन सामग्री विकास र स्थानीय भाषामा प्राथमिक शिक्षा | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ जनकपुरधाममा पाँचवटा नमुना विद्यालय स्थापना र विकास | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ राष्ट्रिय/अन्तर्राष्ट्रिय मागमा आधारित प्राविधिक शिक्षा तथा सिप विकास गतिविधिहरूको प्रवर्द्धन गर्ने | ▪ राष्ट्रिय/अन्तर्राष्ट्रिय आवश्यकतामा आधारित प्राविधिक शिक्षा माध्यमिक विद्यालय शिक्षामा समावेश गर्ने | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ सीप विकास तालिमहरूमा निजी क्षेत्रसँग सहकार्य तथा प्रवर्द्धन गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | ▪ मिथिला सभ्यता अध्ययन तथा अनुसन्धानका लागि परिषद् गठन गर्ने | ▪ स्थानीय संस्कृति, कला र परम्परासम्बन्धी अध्ययन र उच्च शिक्षाका लागि स्थानीय विश्व विद्यालयसँग सहकार्य गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ त्रि.वि. तथा रा.ज.वि. |
| | | ▪ मिथिला संस्कृति र कलासम्बन्धी स्थानीय प्रज्ञा परिषद् गठन गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| आधारभूत स्वास्थ्य उपचार तथा धान्न सकिने गुणस्तरीय उपचारात्मक सेवामा निःशुल्क पहुँच सुनिश्चित गर्ने | ▪ वडा तहमा आधारभूत स्वास्थ्य सुविधाहरूको निःशुल्क उपलब्धता | ▪ सबैका लागि निःशुल्क आधारभूत स्वास्थ्य सुविधा सुनिश्चित गर्न एक वडा, एक स्वास्थ्य चौकी, एक चिकित्सक | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ |
| | | ▪ निःशुल्क स्वास्थ्य शिविर तथा सामुदायिक उपचार सेवाका लागि एक वडा, एक निजी स्वास्थ्य संस्था कार्यक्रम अन्तर्गत मेडिकल कलेज तथा निजी स्वास्थ्य केन्द्रहरूसँग सहकार्य | २०७८ | ज.उ.न.पा. | ▪ मेडिकल कलेज तथा निजी क्षेत्र |
| | ▪ निजी क्षेत्र अथवा सार्वजनिक-निजी क्षेत्रलाई परामर्श स्वास्थ्य सेवामा आकर्षित गर्ने | ▪ परामर्श/विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहन तथा सीमान्तकृत समुदायलाई १० प्रतिशत शचया निःशुल्क व्यवस्था | २०७८ | ज.उ.न.पा. | ▪ निजी क्षेत्र |
| | | ▪ सामुदायिक स्वास्थ्य सेवामा विशेषगरी सीमान्तकृत समुदायको बीमा वृद्धि | २०७८ | ज.उ.न.पा. | ▪ बीमा कम्पनीहरू<br>▪ संघीय सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | ▪ स्वास्थ्य सुविधाहरू विकास गर्न प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गर्ने | ▪ जनकपुर अस्पतालाई जनकपुर मेडिकल कलेज तथा अस्पतालका रुपमा स्तरोन्नति गर्न प्रदेश सरकारसँग सहकार्य गर्ने | २०८० | प्रदेश २ | ▪ ज.उ.न.पा.<br>▪ संघीय सरकार |
| | | ▪ जनकपुर अस्पतालाई सुविधासम्पन्न आधुनिक परामर्श अस्पताल तथा अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ |
| जनकपुरधाम उपमहानगरपालिकाको नीति निर्माण तहमा महिला, दलित तथा अपांगता भएका समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने | ▪ महिला, दलित तथा अपांगता भएका समुदाय तथा अन्य सीमान्तकृत समुदायको शिक्षामा सहयोग गर्ने | ▪ सीमान्तकृत समुदायका विद्यार्थीहरूका लागि विद्यालय तथा उच्च शिक्षामा प्रोत्साहन तथा छात्रवृत्ति | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २<br>▪ संघीय सरकार<br>▪ |
| | | ▪ निजी विद्यालयहरूमा सीमान्तकृत समुदायका विद्यार्थीहरूका लागि १० प्रतिशत छुटको व्यवस्था | | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार<br>▪ संघीय सरकार |
| | | ▪ सीमान्तकृत समुदायका विद्यार्थीहरूका लागि निःशुल्क छात्रावास सञ्चालन गर्न गैसस तथा धार्मिक संस्थाहरू परिचालन | २०७७ | ज.उ.न.पा. | ▪ समुदायमा आधारित संस्था<br>▪ गैसस<br>▪ धार्मिक संस्था<br>▪ प्रदेश २ सकार |
| | ▪ महिला, दलित तथा अपांगता भएका र सीमान्तकृत | ▪ महिला तथा सीमान्तकृत समुदायलाई कलाकृति उत्पादनसम्बन्धी सीप विकास तालिम | २०७७ | ज.उ.न.पा. | ▪ गैसस<br>▪ प्रदेश २ सरकार<br>▪ संघीय सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | समुदायका लागि सीप विकास तालिम | ▪ महिला तथा सुविधा बञ्चित समुदायका सहकारीलाई घरेलु उद्यमसम्बन्धी सीप विकास तालिम कार्यक्रमा परिचालन | २०७८ | ज.उ.न.पा. | ▪ गैसस<br>▪ प्रदेश २ सरकार<br>▪ संघीय सरकार |
| | | ▪ पर्यटन उद्योगलाई सीप विकासमा आवद्ध गर्ने | २०७८ | ज.उ.न.पा. | ▪ निजी क्षत्र<br>▪ प्रदेश २<br>▪ संघीय सरकार |
| | ▪ नगरपालिकाको कर्मचारी भर्तीमा शिक्षित महिला, दलित, अपांगता भएका तथा सीमान्कृत समुदायलाई समानुपातिक प्रतिनिधित्व | ▪ स्थानीय लोक सेवा आयोगमार्फत समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २<br>▪ संघीय सरकार |
| | | ▪ सेवा तथा रोजगारीमा अपांगता भएको समुदायको पहुँच विस्तार गर्न नीति निर्माण तथा कार्यान्वयन | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २<br>▪ संघीय सरकार |
| | | ▪ अपांगता भएका समुदायलाई स्थानीय सेवा प्रवाह तथा श्रम बजारमा मूलप्रवाहीकरण गर्न सूचना तथा सञ्चार प्रविधिलगायत अपांगतामैत्री अन्य प्रविधिहरूको प्रयोग | २०८० | ज.उ.न.पा. | ▪ गैसस<br>▪ प्रदेश २ सरकार<br>▪ संघीय सरका |

## ५.४ स्वच्छता, सरसफाइ, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरण

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| वातावरणमैत्री समाज सिर्जना गर्ने | ▪ प्रकृतिमाथि मानवीय असर न्यूनीकरण गर्न वातावरणीय रुपमा संवेदनशील क्षेत्रहरू वरिपरि मध्यवर्ती क्षेत्र कायम गर्ने | ▪ तलाउ, नदी तथा वातावरणीय रुपमा संवेदनशील अन्य क्षेत्रहरू वरिपरि न्यूनम मध्यवर्ती क्षेत्र कायम गरी कार्यान्वयनमा ल्याउने | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ सम्पदा क्षेत्र वरिपरिका लागि न्यूनतम मध्यवर्ती क्षेत्र, अधिकतम उचाइ तथा वास्तु बनोट तय गरी कार्यान्वयन गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ तलाउ, नदी तथा सार्वजनिक स्थान वरपर हरियाली क्षेत्र, पार्क तथा खुला व्यायामस्थलहरू विकास गर्ने | ▪ शहर, वडा तथा समुदायस्तरीय उद्यानहरू स्थापना सम्बन्धी मापदण्ड र निर्देशन पुस्तिका तयार गर्ने | २०७८ | ज.उ.न.पा | ▪ प्रदेश २ सरकार |
| | | ▪ नदी तथा प्रमुख सडकको दायाबायाँ हरित गल्लीको विकास गर्ने | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ |
| | | ▪ एक वडा, एक उद्यान, एक खेल मैदानको अवधारणा कार्यान्वयनमा ल्याउने | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ विद्यालय तथा अन्य सार्वजनिक संस्थाहरूलाई खेलमैदान तथा हरित क्षेत्र निर्माणको अनिवार्य गर्नुपर्ने नियम | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ बगैंचा तथा वृक्षारोपणका लागि निजी जग्गाधनीहरूलाई प्रोत्साहनको व्यवस्था | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| फोहोर व्यवस्थापन तथा सार्वजनिक | ▪ निजी क्षेत्रसँगको सहकार्यमा घरायसी, | ▪ एक वडा एक व्यापारीको प्रावधानसहित आर्थिक नीति तर्जुमा | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| सरसफाइमा एकीकृत सिर्जनात्मक पद्धतिहरू अवलम्बन गरी शहरलाई सफा, हरियालीपूर्ण र सुन्दर शहरको रुपमा रुपान्तरण गर्ने | व्यापारिक तथा औद्योगिक फोहोर व्यवस्थापनमा 3R को अवधारणा लागू गरी शून्य फोहोरको अवधारणा प्रवर्द्धन गर्ने | गरी वर्गीकृत फोहोर खरिदको व्यवस्थापन | | | |
| | | ▪ खेर गएका वस्तुको रिसाइकल र पुनर्प्रयोगको लागि निजी क्षेत्र परिचालन गर्ने | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ ठूला महोत्सवहरूको सरसफाइको आवश्यकता पूर्ति गर्न पद्धति विकास गर्ने- सार्वजनिक शौचालयमा वृद्धि | ▪ ठूलो महोत्सवको सरसफाइ व्यवस्थापनका लागि योजना तर्जुमा गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ ठूला महोत्सवहरूका लागि सरसफाइ व्यवस्थापन योजना तयार गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ ल्याण्डफिल साइटका लागि उपयुक्त समाधान तथा निजी क्षेत्रसँग सहकार्य गरी उपयुक्त प्रविधि तयार गर्ने | ▪ फोहोर निष्कासनबाट ऊर्जा उत्पादन प्रविधि विकासका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ फोहोर विसर्जनका लागि उपयुक्त स्थल पहिचान गर्ने | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| सुरक्षित संरचनात्मक वातावरण तथा विपद् उत्थानशील र | ▪ राष्ट्रिय नीतिहरूका आधारमा स्थानीय जलवायु परिवर्तन | ▪ साइकल लेन तथा मोटरगाडी रहित क्षेत्र निर्माण गरी पैदल यात्रा र साइकल यात्रालाई प्रवर्द्धन गर्ने | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| जलवायु अनुकूल शहरी सुविधा तथा पूर्वाधार विकास गर्ने | अनुकूलन योजना तर्जुमा गर्ने | ▪ सार्वजनिक भवनहरूमा आकासे पानी संकलन तथा भूमिगत पानीको पुनर्भरण (recharge) | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ नयाँ विकसित क्षेत्रहरूमा हरित भूउपयोग प्रवर्द्धन गर्ने, जस्तै- सडक विभाजक, सडक आसपास वृक्षारोपण, भवन अनुमति प्रणाली मार्फत् एक भवन दुई वृक्ष | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ भवन तथा पूर्वाधार निर्माणमा जलवायु परिवर्तन अनुकूलन तथा विपद् न्यूनीकरणका प्रावधानहरू सहितको मान्यता तथा मापदण्ड कार्यान्वयनमा ल्याउने | ▪ शहरी पूर्वाधारहरू (सडक, नाला, खानेपानी, ढल आदि) को स्वरुप (design) मा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनसम्बन्धी मापदण्डहरू कार्यान्वयनमा ल्याउने | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ भवन निर्माणमा राष्ट्रिय भवन आचार संहित कार्यान्वयन गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ विषम परिस्थितिको सामना गर्न सिर्जनशील तौरतरिका अवलम्बन गर्ने | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ चुरे संरक्षण तथा भूमिगत पानीको पुर्नभरणका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय | ▪ चुरे संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |
| | | ▪ चुरे संरक्षणका लागि सहयोग उपलब्ध गराउने | २०७८ | ज.उ.न.पा. | ▪ संघीय सरकार<br>▪ प्रदेश २ सरकार |

## ५.५ सम्पदा संरक्षण

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| जनकपुरधामका सम्पदा क्षेत्रहरूको संरक्षण | ▪ शहरका सम्पूर्ण मूर्त तथा अमूर्त सम्पदाहरूको पहिचान, अभिलेखीकरण तथा संरक्षण | ▪ युनेस्को निर्देशिका अनुसार सम्पदा क्षेत्रहरूको पहिचान तथा दस्तावेजीकरण | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ युनेस्को निर्देशिका अनुसार सबै अमूर्त सम्पदाहरूको पहिचान, अभिलेखीकरण तथा सूचीकरण | २०८० | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ शहरका सम्पदा क्षेत्रहरूसम्बन्धी अनुसन्धान तथा विकास | ▪ रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा सम्पदा अध्ययनसम्बन्धी केन्द्र स्थापना | २०७८ | ज.उ.न.पा. | ▪ रा.रा.ब.क्याम्पस<br>▪ प्रदेश २ सरकार |
| | | ▪ सम्पदा अध्ययनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अधिकारीहरूसँग सहकार्य | २०७८ | संघीय सरकार | ▪ ज.उ.न.पा.<br>▪ प्रदेश २ सरकार |
| | ▪ जीवित मानव शास्त्रीय अभिलेखालय का रुपमा मिथिला गाउँको विकास | ▪ मिथिला सभ्यतासँग सम्बन्धित कला तथा कलाकृतिहरूको संकलन | २०८१ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ सम्पदा संरक्षणका लागि आवश्यक कानुन तर्जुमा, संस्थागत प्रवन्ध र प्राविधिक तथा वित्तीय सहयोग | ▪ सम्पदा संरक्षण सम्बन्धी राष्ट्रिय कानुन अनुसारको स्थानीय नियमावली तर्जुमा | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ नगरपालिकाको संगठन संरचनामा सम्पदा शाखा गठन तथा सम्पदा कोष स्थापना | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | | ▪ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग परिचालन गरी सम्पदा संरक्षण | २०८१ | संघीय सरकार | ▪ ज.उ.न.पा.<br>▪ प्रदेश २ सरकार |
| सम्पदा संरक्षणलाई स्थानीयको जीविकोपार्जनसँग आवद्ध गर्ने | ▪ कलाकृतिहरूको उत्पादन र विकासमा सीमान्तकृत समुदायको परिचालन तथा यसलाई पर्यटन क्षेत्रसँग आवद्ध गर्ने | ▪ स्थानीय कलाकृतिको उत्पादनमा संलग्न तथा परम्परागत प्रदर्शनमा संलग्न सीमान्तकृत समुदायको पहिचान तथा दस्तावेजीकरण | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ सहकारी/समूहहरूको गठन तथा कलाकृति तथा सौगातका वस्तु (Souvenir) हरूको उत्पादनमा परिचालन | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ लोकगीत, नृत्य र लोक ज्ञानको विकास र प्रदर्शनमा पर्यटन उद्यमीसँग सहकार्य | ▪ दैनिक सांस्कृतिक प्रदर्शन तथा तथा सौगातका वस्तु आपूर्तिका लागि एक होटल, एक समुदाय सहकार्य | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ मन्दिर तथा नाट्यशालामा दैनिक सांस्कृतिक कार्यक्रमहरू- झाँकी, नृत्य र परम्परगत ज्ञानको प्रवर्द्धन<br>▪ दैनिक सांस्कृतिक झाँकी, नृत्य र परम्परगत ज्ञानका लागि मन्दिर, नाट्यशाला तथा | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ मिथिला कला र सांस्कृतिक क्रियाकलापको विकासमा महिला उद्यमीहरू परिचालन | ▪ महिला विकास केन्द्रलाई विभिन्न तहमा मिथिला कलाकृति उत्पादन, प्रशिक्षण तथा प्रसारका लागि प्रवर्द्धन गर्ने | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ विशेष क्रियाकलापहरूका लागि अन्य महिला समूहहरूको प्रवर्द्धन | २०७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| सम्पदा संरक्षण र विकासमा नागरिक समाज संस्था र युवा को सबलीकरण | ▪ मिथिला नाट्यकला परिषद्, युवा क्लबहरू तथा अन्य संस्थाहरूलाई मिथिला कला र संस्कृतिको संरक्षण र विकासमा सहयोग | ▪ मिथिला नाट्य परिषद्लाई मिथिला लोक ज्ञान, लोक गीत, नृत्यको संरक्षण र विकासका लागि सहयोग | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार<br>▪ संघीय सरकार |
| | | ▪ तलाउ, मन्दिर र पवित्र स्थलहरू ( shrines) को व्यवस्थापनमा युवा क्लब तथा निजी संस्थाहरूको प्रवर्द्धन | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ स्थानीय सम्पदाको संरक्षणको वकालतमा एक वडा एक युवा क्लबको प्रवर्द्धन | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | ▪ जनकपुरधामको अनुसन्धान र साहित्यिक विकासमा राजर्षी जनक विश्व विद्यालयसँग सहकार्य गर्ने | ▪ राजर्षी जनक विश्वविद्यालयसँग छोटा कार्यक्रम (short course), तालिम तथा संरक्षणका लागि सहकार्य गर्ने | २०७८ | संघीय सरकार | ▪ ज.उ.न.पा<br>▪ प्रदेश २ सरकार |
| | | ▪ जनकपुरधाम तथा यसको आसपासका क्षेत्रको सम्पदा सम्बन्धमा अध्ययन, अन्वेषण र अनुसन्धानका लागि संघीय र प्रदेश सरकारसँग समन्वय गरी एउटा केन्द्र स्थापना गर्ने | २०८० | संघीय सरकार | ▪ ज.उ.न.पा.<br>▪ प्रदेश २ सरकार |
| | | ▪ यस क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूसँग समन्वय गर्न छाता संगठनका रुपमा नगरपालिका पर्यटन फोरमको गठन गर्ने | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ |
| | ▪ राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा सम्पदाको प्रवर्द्धनका लागि | ▪ पुस्तकालयहरू, सम्मेलन केन्द्रहरु तथा सभा सम्मेलन गर्ने सुविधाहरुको विकास | २०७९ | संघीय सरकार | ▪ ज.उ.न.पा.<br>▪ प्रदेश २ सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | अन्तर्राष्ट्रिय प्रतिष्ठित व्यक्तिहरूलाई आमन्त्रित गरी विद्युतीय तथा छापा सञ्चार माध्यमको परिचालन गर्ने | ▪ मिथिला मेला तथा अन्य राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्मेलनहरू गर्ने | २००७९ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ सूचना सम्प्रेषणका लागि विद्युतीय संयन्त्रकोविकास गर्ने | २०८० | ज.उ.न.पा. | ▪ प्रदेश २ |

## ५.६ संस्थागत विकास तथा शासन प्रणाली

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| निजामति सेवाको गुणस्तर र पहुँच वृद्धि गर्नु | ▪ क्षतिपूर्ति तथा गुनासो सुनुवाइको प्रावधान सहितको नागरिक वडापत्र तर्जुमा र कार्यान्वयन | ▪ उपमहानगरपालिका तथा यसको वेबसाइटमा नागरिक बडापत्र राख्नु | २०७७ | ज.उ.न.पा. | ▪ |
| | | ▪ गुनासो सुनाइ पद्धतिको विकास र कार्यान्वयन | २०७८ | ज.उ.न.पा. | ▪ |
| | | ▪ सूचना अधिकृतको नियुक्ति तथा सान्दर्भिक सबै सूचनाहरू वेब पोर्टलमा राख्ने | २०७७ | ज.उ.न.पा. | ▪ |
| | ▪ वडा तथा नगरपालिका तहबाट सेवा प्रवाहका लागि मापदण्ड, मान्यता | ▪ स्थानीय तहमा सेवा प्रवाहका लागि सबलीकृत वडा कार्यालय | नियमित नियमित | ज.उ.न.पा. | ▪ |
| | | ▪ स्थानीय समुदायको पूर्ण सहभागिताका साथ वडा/नगरपालिका तहको सेवा | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | तथा पद्धतिको विकास र कार्यान्वयन | प्रवाहका लागि मापदण्ड तथा मान्यताहरूको विकास | | | |
| | ▪ नगरपालिका कर्मचारीमा मनोवल उच्च गर्ने तथा जवादेहिताको भावना वृद्धि गर्ने | ▪ पदाधिकारीहरूलाई जिम्मेवार बनाउनका लागि दण्ड र पुरस्कारको व्यवस्था गर्ने | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ सरकार |
| | | ▪ नगरपालिकाका सम्पूर्ण कर्मचारीलाई अभिमुखीकरण | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २ |
| नगरपालिकाको संस्थागत क्षमता वृद्धि गर्ने | ▪ स्थानीय सरकारमा संगठन विकास योजना तर्जुमा तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने तथा पदाधिकारी तथा कर्मचारीहरूको जिम्मेवारी तय गर्ने | ▪ सही ठाउँमा सही व्यक्ति सहित उत्तरदायी संगठनको उपस्थिति | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश २ |
| | | ▪ हरेक कर्मचारीका लागि एक-एक र संयुक्त जिम्मेवारीसहितको कार्यविवरण तयार गर्ने | २०७७ | ज.उ.न.पा. | ▪ |
| | | ▪ आवश्यकतामा आधारित क्षमता विकास योजनाको कार्यान्वयन | २०७७ | ज.उ.न.पा. | ▪ |
| | ▪ क्षमता विकास क्रियाकलापहरूको विकास तथा कार्यान्वयन | ▪ क्षमता विकास योजना कार्यान्वयनका लागि नगरपालिका संघ, संघीय सरकार तथा प्रदेश सरकारसँग सहकार्य | नियमित | ज.उ.न.पा. | ▪ प्रदेश २<br>▪ संघीय सरकार |
| | ▪ सेवा प्रवाह र व्यवस्थापनका | ▪ विद्युतीय शासन प्रणालीको विकास तथा अवलम्बन | २०७७ देखिनियमित | ज.उ.न.पा. | ▪ |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | लागि सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार माध्यमको प्रयोग | ▪ सेवा प्रवाहका लागि समसामयिक परिवेश सुहाउँदो मोवाइल एप विकास | २०७७ देखिनियमित | ज.उ.न.पा. | ▪ प्रदेश २<br>▪ संघीय सरकार |
| राजस्व, बजेट, खर्च तथा लेखा परीक्षणमा सुदृढ पारदर्शिता | ▪ वित्तीय व्यवस्थापन तथा लेखा प्रणाली पद्धतिमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | ▪ इ-टेण्डर तथा सेवा प्रदायकको अनलाइन सूचीकरणका माध्यमबाट पारदर्शी खरिद प्रक्रियाको कार्यान्वयन | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २<br>▪ सघीय सरकार |
| | | ▪ जनकपुर उपमहानगरपालिकाको वित्तीय व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २<br>▪ संघीय सरकार |
| | ▪ वार्षिक खर्चको आन्तरिक तथा सार्वजनिक लेखा परीक्षण | ▪ आम्दानी तथा खर्चको अनिवार्य वार्षिक लेखा परीक्षण तथा वेब साइटमा प्रकाशन | २०७७ | ज.उ.न.पा. | ▪ |
| | | ▪ उपमहानगर, वडा तथा सम्बन्धित कार्यालयहरूमा वित्तीय प्रशासन सफ्टवेयर जडान | २०७८ | ज.उ.न.पा. | ▪ |
| | ▪ नगरपालिकाको आन्तरिक स्रोत वृद्धिका लागि योजना तर्जुमा तथा कार्यान्वयन | ▪ OSR को पहिचान, विकास र कार्यान्वयन | २०७८ | ज.उ.न.पा. | ▪ |
| | | ▪ एकीकृत सम्पत्ति कर प्रणाली कार्यान्वयन गर्ने | २०७८ | ज.उ.न.पा. | ▪ प्रदेश सरकार<br>▪ संघीय सरकार |
| नगरपालिकामा दण्ड र पुरस्कारका लागि वैज्ञानिक मूल्यांकन प्रणाली | ▪ कर्मचारीको व्यक्तिगत कार्यसम्पादनमा | ▪ कर्मचारीलाई उत्प्रेरित र क्षमतावान बनाउन आवश्यकताअनुसार तालिम तथा छोटा अवधिका तालिम ( shortcourse) हरू उपलब्ध गराउने | २०७७ देखिनियमित | ज.उ.न.पा. | ▪ प्रदेश सरकार<br>▪ संघीय सरकार |

| उद्देश्य | रणनीति | कार्यनीति | समय अवधि (वि.सं) | जिम्मेवारी | |
|---|---|---|---|---|---|
| | | | | प्राथमिक | सहायक |
| | आधारित दण्ड र पुरस्कार | ▪ सर्वोत्तम कार्यसम्पादन गर्ने तीन कर्मचारी पहिचान र पुरस्कृत गर्ने पद्धति स्थापना | २०७७ देखिनियमित | ज.उ.न.पा. | ▪ |
| | ▪ आफ्नो कार्यक्षेत्रका विषयमा काम गर्नका लागि स्वतन्त्रताको प्रावधान | ▪ नीति, कानुन संस्था र मार्गदर्शन मार्फत् सार्वजनिक प्रशासनलाई पारदर्शी तथा जवाफदेही बनाउने | २०७८ | ज.उ.न.पा. | ▪ |
| | | ▪ पारदर्शी अनुगमन मूल्यांकन पद्धति कार्यान्वयनमा रहने | २०७७ | ज.उ.न.पा. | ▪ |
| | ▪ नगरपालिकाका क्रियाकलाप तथा कार्यसम्पदनका लागि व्यवस्थापन सूचना प्रणालीको विकास | ▪ विद्युतीय प्रविधिमा आधारित(web-based) व्यवस्थापन सूचना प्रणालीको विकास र कार्यान्वयन | २०७७ | ज.उ.न.पा. | ▪ |
| | | ▪ सबै कर्मचारी पदाधिकारीका लागि विद्युतीय हाजिरी र दैनिक समय सारिणी (timesheet) विकास | २०७७ | ज.उ.न.पा. | ▪ प्रदेश २<br>▪ संघीय सरकार |

## ६. प्रस्तावित रणनीतिक विकास आयोजनाहरू

शहरको समावेशी आर्थिक विकासका लागि माथि तालिकामा प्रस्तावित रणनीतिक कार्ययोजनाहरूको कार्यान्वयन आवश्यक छ र यसका लागि ठूलो संख्यामा आयोजनाहरू आवश्यक हुन जान्छन। रणनीतिक आयोजनाहरू निम्नअनुसार रहेका छन् :

### ६.१ समावेशी आर्थिक विकास

- जनकपुर-जटही, जनकपुर-जलेश्वर सडक सञ्जाल
- जनकपुर-जयनगर रेल मार्गको निर्माण तथा सञ्चालन र भारतको नयाँ दिल्ली तथा कलकत्तासम्म विस्तार
- जानकी मन्दिर परिसर र यस वरिपरिको क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकरण
- सम्पदा क्षेत्रहहरूको संरक्षण तथा विकास
- कुटी बसाइको विकास र प्रवर्द्धन
- मिथिला कला, संस्कृति, परम्परागत ज्ञान, लोक गीत तथा नृत्यलाई पर्यटनसँग आवद्धता
- कृषि प्रशोधन क्षेत्रको स्थापना
- माछा तथा दूग्धजन्य उत्पादनको प्रशोधन तथा बजारीकरण
- होटलहरूको विकास
- चक्रपथ बाहिर बधशाला निर्माण
- शहरी सभा हलको निर्माण
- कृषि संकलन, चिस्यान केन्द्र तथा बजार केन्द्र
- शहरमा व्यापार व्यवसाय केन्द्र स्थापना
- पेथियामा कृषि हाट बजार स्थापना

### ६.२ शहरी विकास तथा पूर्वाधार

- भूउपयोग नीतिअनुरुप क्षेत्र निर्धारण नक्साको प्रकाशन तथा कार्यान्वयन
- शहरी क्षेत्र विस्तारका लागि आगामी पाँच वर्षमा कम्तीमा १०० हेक्टर जमिनमा जग्गा एकीकरण आयोजना कार्यान्वयन
- राजधानी शहर परियोजना विकास
- मुख्य शहरी भाग र सीमान्त वडाहरूमा साइकल लेन र हरित क्षेत्रयुक्तमुख्य सम्पर्क सडकको निर्माण
- सीमान्त वडाहरूमा स्थानीय क्षेत्र योजनाको कार्यान्वयन
- तलाउहरूको संरक्षण र विकासका लागि एक संस्था एक पोखरी अवधारणा कायान्वयन
- नेपाल सरकार, खानेपानी तथा सरसफाइ विभागको ३२ तलाउ संरक्षण तथा विकास आयोजनाको कार्यान्वयन
- अन्तर-प्रदेश बस टर्मिनलको निर्माण
- भवन नियमावली तथा भवन आचार संहिता निर्माण तथा कार्यान्वयन

- वडा तथा शहरस्तरीय रंगशाला निर्माण

## ६.३ सामाजिक विकास

- इच्छाधीन विषयका रुपमा अस्पताल व्यवस्थापन, होटल व्यवस्थापन, पर्यटन विकास, ललित कला तथा सम्पदा संरक्षणसम्बन्धी विषयहरू पढाइ हुने पाँच वटा नमुना विद्यालय विकास
- सीप विकाससम्बन्धी छोटो अवधिका अध्ययन पाठ्यक्रमसहित जनकपुरधाममा बहुशिल्पी विद्यालय (polytechnique) स्थापना
- जनकपुर अस्पतालाई जनकपुर मेडिकल कलेज तथा अनुसन्धान केन्द्रका रुपमा स्तरोन्नति
- शिक्षा, सरसफाइ तथा स्वास्थ्य बीमा सम्बन्धमा बृहत् जनचेतना अभियान
- बर्थिङ सेन्टरको व्यवस्थासहित एक वडा एक प्राथमिक/स्वास्थ्य चौकी
- एक वडा एक बाल उद्यान
- समावेशी स्थानीय विकास तालिम केन्द्र

## ६.४ स्वच्छता तथा सरसफाइ

- ढल प्रशोधन केन्द्र स्थापना
- स्यानिटरी ल्याण्डफिल साइट निर्माण अथवा फोहोरबाट ऊर्जा उत्पादन परियोजना कार्यान्वयन
- मन्दिर, तीर्थस्थल तथा तलाउ वरिपरि सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन
- ठूला महोत्सवहरूका लागि सरसफाइ व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन

## ६.५ सम्पदा संरक्षण

- जनक दरबारको निर्माण तथा विकास
- मणिमण्डपको निर्माण तथा विकास
- रत्न सागर, अग्नि कुण्ड, बिहार कुण्ड तथा अन्य जीर्ण भएका मन्दिर तथा कुटिहरूको संरक्षण र विकास
- जनकपुरधाम वरपर १५ दिने परिक्रमा मार्गको आसपासमा रहेका धनुषाधाम, कञ्चन वन, मटिहानी स्थानलगायतका अन्य तीर्थस्थलहरूको विकास
- मिथिला गाउँ तथा मानव शास्त्रीय संग्रहालयको विकास
- नाट्यशाला तथा खुला नाट्यशालाहरूको विकास
- सभाहल, सार्वजनिक पुस्तकालय, कला केन्द्रको निर्माण विकास
- विश्वविद्यालय तथा क्याम्पसहरूमा सम्पदा केन्द्र स्थापना
- सम्पदा संरक्षण सम्बन्धी स्थानीय समुदायको साक्षरता अभिवद्धि गर्ने तथा पैरवी गर्ने कार्यका लागि क्लब स्थापना

### ६.६ संस्थागत विकास तथा शासन प्रणाली

- भवन अनुमति प्रदानका लागि विद्युतीय भवन अनुमति प्रणाली स्थापना
- व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालन
- अनिवार्य विद्युतीय हाजिरी तथा समय सारिणी
- विद्युतीय माध्यमबाट बढाबढको प्रक्रियामार्फत् पारदर्शी खरिद प्रक्रिया
- सेवा प्रवाहका लागि विद्युतीय शासन प्रणालीको प्रयोग
- इन्टरनेटमा आधारित एकीकृत सम्पत्ति कर प्रणालीको कार्यान्वयन

## ७ योजना कार्यान्वयन

संघीयतापश्चात्को परिवेशमा संविधानले स्थानीय पदाधिकारीहरूलाई अनेकौं जिम्मेवारी हरू सुम्पेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०१७ ले नगरपालिकाहरूको प्रशासकीय कार्यका लागि स्पष्ट मार्गदर्शन प्रदान गरेको छ, यद्यपि जनकपुर उपमहानगरपालिका संघीयतापूर्वको सोच, स्रोत र संस्थागत ढाँचामा चलिरहेको छ। प्रदेश २ को राजधानीका रुपमा प्रस्तावित हुनुका साथै उपमहानगरको आकार जनसंख्या तथा क्षेत्रफलका दृष्टिले समेत वृद्धि भएको छ।

परिवर्तित परिवेश अनुकूल हुनका लागि नगरपालिकामा तत्काल संगठन विकास योजनासहित संस्थालाईपुनर्व्यवस्थित गर्नुपर्ने आवश्यकता छ। यसका साथै, प्रस्तावित रणनीतिक कार्य योजना कार्यान्वयनका लागि संस्थामा विशेष समायोजन तथा क्षमताको आवश्यकता छ। उपमहानगरपालिकालाई मानवीय, भौतिक तथा आर्थिक स्रोतका दृष्टिकोणले व्यापक सुधार गर्नुपर्ने आवश्यकता छ। उपमहानगरपालिकाले क्षमता विकास योजना तर्जुमा गरी आफ्ना नागरिकलाई उपयुक्त सीप, नैतिक चरित्र तथा उत्प्रेरणा प्रदान गर्नु आवश्यक छ।

परिवर्तित परिवेशमा उपमहानगरपालिकामा आर्थिक वृद्धि तथा सामाजिक सास्कृतिक - विकासका अथाह अवसर तथा संभावना रहेका छन् । जनकपुरधामको दीर्घकालीन सोच २०२० तथा रणनीतिक कार्ययोजनाले स्थानीय समुदायका चाहना तथा भूगोलको परिवेशलाई प्रतिविम्बित गर्न सकेको छ, यद्यपि तथ्यांक तथा सन्दर्भ सामग्रीको अभावमा आधाररेखा भने तय गर्न सकिएको छैन ।

यो योजना जीवित दस्तावेज हो र यसलाई परिमार्जनसहित कार्यान्वयन गर्न सकिन्छ ।उत्थानशीलताको मुख्य अपेक्षित उपलब्ध भने उपमहानगरपालिकाको प्रशासकीय तथा व्यवस्थापकीय क्षमता तथा विभिन्न क्षेत्रबाट हुने स्रोतको परिचालनमा भर पर्दछ । प्रमुख नीतिहरूमा निजी संस्थाहरूसँग साझेदारी, विकास साझेदारहरूसँग सहकार्य तथा विषयगत कार्यालय, प्रदेश सरकार र संघीय सरकारसँगको समन्वय हुन सक्दछ ।


जनकपुरधाम उपमहानगरपालिकाको दीगो र उत्थानशील विकास स्थानीय समुदायको सहयोग तथा सहकार्य र निजी क्षेत्र तथा स्थानीय मन्दिरका महन्तहरूसँगको समन्वयका साथै प्रदेश तथा संघीय सरकारको सहयोगमा भर पर्दछ । जनकपुरधाम उपमहानगरपालिकाले आफ्ना जिम्मेवारीहरूको व्यवस्थापन तथा आफ्नो क्षेत्राधिकारभित्र सोअनुरुप सेवा प्रवाह गरी विभिन्न विकास गतिविधिको नियमन तथा सहजीकरण गर्न विधान, निर्देशिका तथा मान्यताहरूमा काम गर्नु आवश्यक छ । यसले परियोजना विकास तथा परियोजना व्यवस्थापनका साथसाथै आफ्नै कर्मचारीलगायत शहरमा कार्यरत राज्य र गैरराज्य पक्षका कर्ताहरूको अनुगमन र मूल्यांकनका लागि आफ्नो क्षमता विकास गर्नैपर्छ ।

# अनुसूची १ : जनकपुरधाम : वस्तुस्थिति विश्लेषण


## १.१ विकास र भूउपयोग

### १.१.१ शहरीकरण

जनकपुरधामको शहरीकरणको चारित्रिक विशेषताविना सोचविचार तयार गरिएको योजनाका कारण कृषि भूमि निर्माण -संरचना क्षेत्रमा रुपान्तरण हुनु हो । व्यक्तिगत घर निर्माणका कार्यले शहरीकरणको योजनाको नेतृत्व गरेको छ । यस सन्दर्भमा शहरको सामान्य अवस्था देहायअनुसार छ:




सर्वत्र अव्यवस्थित वृद्धिलाई बढावा दिएको यो प्रक्रिया पुरै उल्टो छ र विकास प्रक्रियालाई निम्नानुसार परिवर्तन गर्न गम्भीर कार्यको खाँचो छ:





जनकपुर शहरको वृद्धि र विस्तारको दर१९९० को दशकसम्मन्यून थियो, त्यसबेला देशभरि शहरहरूउत्थान र विकास भइरहेका थिए । दशक लामो माओवादी विद्रोहका क्रममागाउँ-शहर बसाइ-सराइ शहरका सीमान्त भागहरूमा अव्यवस्थित विकासको प्रमाण थियो । नयाँ संविधानको जारी सँगै जनकपुरधामलाई प्रदेश २ को राजधानीका रुपमा प्रस्ताव गरिएपछि यस शहरको वृद्धि जीवन्त भएको छ । निर्माणको कारणले शहरीकरणको विस्तार शहरको भित्रीदेखि बाहिरी भागसम्म भएको देखिन्छ । यद्यपि वडा नं. १७ देखि २५ सम्म अझापि बढी ग्रामीण विशेषताहरू रहेका छन्, यस क्षेत्रमा कुनै पनि निर्माण कार्य अथवा जनसंख्या वृद्धि नहुनुले यस विषयलाई प्रष्ट पार्दछ (तालिका क-३)

तालिका क १.१ विगत पाँच वर्षमा भवन निर्माणको वडागत अवस्था

| वर्ष | वडा नं. | | | | | | | | | | | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७–२५ | |
| २०१२/१३ | ६३ | ५८ | ९ | ११४ | ८ | २१ | १२४ | ९७ | ६९ | १० | १९ | ३८ | ३० | ५० | ४ | ७३ | | ७८७ |
| २०१३/१४ | ८६ | ५१ | ७ | १५४ | १३ | १९ | १०० | ७९ | ४६ | १४ | १८ | ४२ | ४२ | ५७ | ४ | ५७ | | ७८९ |
| २०१४/१५ | ७९ | ६२ | ७ | १२६ | ८ | २६ | १०७ | ७८ | ५२ | २३ | १७ | ४९ | ३२ | ५६ | ३ | ७१ | | ७९६ |
| २०१५/१६ | २६ | ३२ | ६ | ५७ | ५ | १ | ५६ | २७ | २५ | १ | ११ | २५ | १८ | १७ | १ | २७ | ४ | ३३९ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०१६/१७ | ६३ | ४४ | ५ | १५१ | ४ | १२ | १३४ | ८७ | ४४ | ८ | २२ | ३३ | ४२ | ७९ | १ | ७६ | ४० | ८४५ |
| कुल | ३१७ | २४७ | ३४ | ६०२ | ३८ | ७९ | ५२१ | ३६८ | २३६ | ५६ | ८७ | १८७ | १६४ | २५९ | १३ | ३०४ | ४४ | ३५५६ |
| प्रतिशत | ८.९१ | ६.९५ | ०.९६ | १६.९३ | १.०७ | २.२२ | १४.६५ | १०.३५ | ६.६४ | १.५७ | २.४५ | ५.२६ | ४.६१ | ७.२८ | ०.३७ | ८.५५ | १.२४ | १०० |





रेखाचित्र क १.१विगत पाँच वर्षमा वडागत रुपमा भवन निर्माण

नगरपालिकाका पदाधिकारीहरूका अनुसार गोरखा भूकम्पसम्म पनि मानिसहरूभवनको स्वरुप (design), तथा रेखांकन (drawing) सम्बन्धी कागजपत्र र शुल्क इञ्जिनियर तथा नगरपालिकालाई बुझाउनुपर्ने हुनाले नगरपालिकाबाट भवन निर्माण अनुमति लिन हिच्किचाउँथे। बैंक तथा अन्य वित्तीय संस्थाबाट ऋण लिनेहरूले मात्र भवन निर्माण अनुमति पत्र अथवा निर्माण सम्पन्न प्रतिवेदन लिने चलन थियो। पहिले भवन निर्माण गर्ने अनि त्यसपश्चात् आवश्यक परेको समयमा अनुमति *खरिद* गर्ने सामान्य परम्परा थियो। निजी घरको भवनको स्वरुप तयार गर्ने तथा निर्माण गर्ने दुवै काम स्थानीय मिस्त्रीले गर्दथे। गोरखा भूकम्पभन्दा अगाडिका ९० प्रतिशतभन्दा बढी यस्ता निर्माण इञ्जिनियरको संलग्नता/सहयोग विना तयार गरिएका थिए। भवन ऐन १९९८ र २००६ मा राजपत्रमा प्रकाशित भवन आचार संहित १९९४ भए पनि नगरपालिका आफैं यसको कार्यान्वयनमा उदासिन थियो। गोरखा भूकम्प २०१५ पश्चात् यस प्रवृत्तिमा परिवर्तन आएको छ। संघीय सरकारबाट सन् २०१७ मा प्रकाशित नयाँ भवन नियमावली तथा निर्देशिका र स्थानीय स्तरका निर्वाचित प्रतिनिधिहरूले समेत उक्त राष्ट्रिय आचार संहिता र नियमावली कार्यान्वयनमा जोड दिए। यसपश्चात् भवन निर्माण र संरचनाको स्वरुप तयारी (design) का क्षेत्रमा तीव्र परिवर्तन आएको छ र अचेल मिस्त्रीका सट्टाइञ्जिनियरले यो काम गर्दै आएका छन्।

जनसंख्या वृद्धि र शहरी विकास परिक्रमापथको बाहिरी भागमा सीमान्त वस्तीलाई भित्री शहरसँग जोड्ने सडकको आसपास केन्द्रित भएको छ। शहरको स्वरुप एकल केन्द्रयुक्त तथा राम मन्दिर, जानकी मन्दिर, स्टेशन रोड तथा यसको वरिपरि केन्द्रीय व्यापारिक क्षेत्रका रुपमा भएको छ। शहर कम अग्ला र बढी घना वस्तीयुक्त छ यद्यपि जमिनको मूल्यमा उच्च वृद्धि हुँदा मानिसहरूको दृष्टि बाह्य क्षेत्रमा परेको कारण करिब एक दशक अगाडि मुख्य सम्पर्क सडकको आसपास अनियन्त्रित रुपमा शहरको वृद्धि सुरु भयो। हाल भूमि व्यवस्थापन तथा विकास शहरी विकासका लागि मुख्य चुनौतिका रुपमा रहिआएको छ। जनसंख्या तथा आर्थिक गतिविधिमा वृद्धिसँगै शहर बहुकेन्द्रित रुपमा विकास भई चक्रपथ बाहिरराजधानी शहर (capital township) र *छिमेक* विकास हुनु आवश्यक छ।

## १.१.२ भूउपयोग

शहरको आधार नक्साको विश्लेषणबाट अझसम्म शहरको ७३ प्रतिशत भागमा खेती गरिएको भूमि र १८ प्रतिशत भूमिमा निर्माण संरचना रहेको छ। देशका अन्य कुनै पनि शहरभन्दा बढी यहाँ ३.१५ प्रतिशत भूमि तलाउ तथा पानीको भागले ढाकिएको छ।शहरको केन्द्रीय व्यापारिक क्षेत्र (CBD) मन्दिर क्षेत्र वरिपरि रहेको छ भने संस्था/कार्यालय क्षेत्र पूर्वी क्षेत्रमा चक्रपथ आसपास रहेको छ। विगत दशकमा शहरको बाह्य क्षेत्रमा भवन निर्माणका कारण कृषि क्षेत्र परिवर्तित भएको छ। प्रसिद्ध तिरहुतिया गाछी (शहरी वन) मा अतिक्रमण भई संस्थागत क्षेत्रमा रुपान्तरित भएको छ, जहाँ आजका अधिकांश सरकार कार्यालयहरू अवस्थित छन्। यसभन्दा बाहेक तलाउ तथा गुठीका जग्गाहरू अतिक्रमण भएका छन् र बसोवास क्षेत्रका रुपमा विकास भएको छ।




चित्र क १.१जनकपुर उपमहानगरको भूउपयोग नक्सा

**चुनौति तथा अवसरहरू**

**चुनौति**

- राष्ट्रिय भूउपयोग ऐन तथा सम्बन्धित नीतिहरूविद्यमान  भए पनि शहरको भूउपयोग योजना र स्पष्ट भूउपयोग नीति छैन
- भूउपयोगको अनियन्त्रित परिवर्तन भइरहेको छ
- कृषि क्षेत्रको घट्दो प्रतिफल (सिंचाइ पूर्वाधार, समयमा मल तथा बीउको आपूर्तिको अभाव)

**अवसर**

- राष्ट्रिय भूउपयोग ऐन तथा सम्बन्धित नीतिहरूले स्थानीय सरकारलाई भूउपयोग योजना तर्जुमा गर्ने अख्तियारी दिनु
- शहरी विकास भूउपयोग योजनाले निर्देशित गर्न सक्ने अवस्था हुनु

## १.१.३ तलाउ, उद्यान तथा खुला स्थानहरू

शहरी जल क्षेत्रहरू, वनस्पतिसहितका खुला क्षेत्रहरू (हरित क्षेत्र) नै शहरी दिगोपन तथा सामाजिक, आर्थिक र वातावरणीय उद्देश्यहरूको प्रवर्द्धन र मानव कल्याण प्रवर्द्धन गर्ने मुख्य साधन हुन् (लाल, २०१९) । शहरलाई दीगो बनाउने चाहना सफलीभूत पार्न शहरका वासिन्दा किन यी हरित तथा जल क्षेत्रहरूलाई सम्मान गर्दछन् र यसलाई प्रभावित गर्ने कारक तत्वहरू के हुन् भन्ने बारेमा जानकारी हुनु आवश्यक छ। जनकपुरधामलाईआफ्नो क्षेत्रभरि जल क्षेत्रहरूभएको सौभाग्य प्राप्त छ। भूउपयोग विश्लेषणले कुल जमिनको करिब ३.१५ प्रतिशत भागमा जलक्षेत्र रहेको देखिन्छ, जुनप्रायः पोखरीयुक्तछ। धार्मिक तथा सांस्कृतिक तलाउहरू शहरी संरचनाका एक भाग भएका भएका छन्, तुलनात्मक रुपमा नयाँ माछापोखरीहरू भने शहरको सीमान्त क्षेत्रमा रहेका छन्। उपमहानगरपालिकाको क्षेत्रभित्र २०० भन्दा बढी पोखरीहरू रहेका छन्। विगतको अभिलेखले मुख्य शहरी भागको वरिपरि ७२ धार्मिक पोखरीहरूरहेको देखिन्छ जसमध्ये ५९ पोखरी अझै अस्तित्वमा रहेका छन् र १३ वटा पोखरी/तलाउ विगत ४० वर्षमा लोप भएका छन्। बाह्रविघा अथवा रङ्गभूमि नामले प्रसिद्ध शहरको केन्द्र भागमा अवस्थित एउटा ठूलो खुला क्षेत्र (करिब ६०० मि. लम्बाइ, २०० मिटर चौडाइ) शहरको अधिकांश सार्वजनिक भेला हुने स्थानका रुपमा रहेको छ।  विवाह पञ्चमी तथा राम नवमी जस्ता खास पर्वहरूमा यस शहरमा ५,००,००० भन्दा बढी मानिसहरू आउँछन्। उक्त केन्द्रीय खुला स्थल (बाह्रविघा मैदान) ले उत्सव मनाउन मात्र नभएर गरिब तीर्थालुहरूलाई आश्रय समेत उपलब्ध गराउँछ। यसका अतिरिक्त, हरेक तलाउको वरिपरि तथा विद्यालय हातामा खुला स्थान रहेको छ यद्यपि खासै कुनै सार्वजनिक उद्यान भने रहेका छैनन्।  शहरको सीमान्त भागमासरकारी स्वामित्वमा रहेको एउटा आँपको बगैंचा र केही निजी बगैंचाहरू नै शहरका सीमान्त वस्तीहरूमा रहेका हरित क्षेत्रहरू हुन्।

**चुनौति तथा अवसरहरू**

**चुनौतिहरू**

- सर्वसाधारणलगायत सरकारी निकायहरू समेतले यी तलाउहरू अतिक्रमण गर्नु तथा किनारमा फोहोर थुपार्नु
- कतै कतै शहरका नाला पनि तलाउमा खसाउनु
- तलाउ वरिपरिको क्षेत्र घाट तथा पहुँच सडकहरूबाट सिमेन्टीकृत हुनु

**अवसरहरू**

- तलाउहरूको संरक्षण तथा विकासका लागि हालै नगर सरकारले पहलकदमी सुरु गर्नु
- शहरको संरचनाभित्र रहेका ३१ वटा तलाउको संरक्षणका लागि खानेपानी तथा सरसफाइ विभागले काम सुरु गर्नु

- तलाउहरू धार्मिक आस्थासँग सम्बन्धित भएकाले सम्पदासँग सम्बन्धित छन्, जसलाई पर्यटनसँग जोड्न सकिन्छ (गंगा आरति) ।
- तलाउहरू विभिन्न अमूर्त सम्पदाहरूसँग जोडिएका छन्, जस्तो कि लोक कथा, पर्व तथा उत्सवहरू
- तलाउ संरक्षण जलवायु परिवर्तन अनुकूलनका लागि रणनीतिका रुपमा रहन सक्छ
- तलाउहरूलाई सीमान्तकृत समुदायको जीविकोपार्जनसँग आवद्ध गर्न सकिन्छ ।

## १.१.४ मूर्त तथा अमूर्त सम्पदा

जनकपुर मिथिला सभ्यताको केन्द्रका रुपमा रहिआएको छ । शहरमा सन् १८९८ (वि.सं. १९५५) मा टिकमगढकी रानी वृषभानु कुमारीले निर्माण गरेको जानकी मन्दिर सहित ६८ कुटी तथा ८६ मन्दिर रहेका छन् । यो वास्तुकलाको मुगल तथा राजस्थानी कला सम्मिश्रित सर्वोत्कृष्ट उदाहरण हो । अन्य आकर्षणहरूमा राम मन्दिर, हनुमान मन्दिर तथा विभिन्न कुटी र अखडाहरू रहेका छन् । जानकी मन्दिरसँगै जोडिएर राम र सीताको विवाह स्थल राम-सीता विवाह मन्दिर रहेको छ । साथै, यहाँ अनेकौं संख्यामा गंगासागर, धनुष सागरलगायतका अन्य पवित्र तलाउहरू रहेका छन्, जहाँको पवित्र जलमा ठूलो संख्यामा मानिसहरू जम्मा हुने र नुहाउने गर्दछन् ।

हरेक वर्ष विवाह पञ्चमीको अवसरमा दशौं हजार तीर्थालुहरू त्रेता युगामा भएको भगवान् राम र सीताको आदर्श विवाहको साक्षीभाव ग्रहण गर्न जनकपुरधाम भ्रमण गर्दछन् । यहाँ हुने अन्य पर्वहरूमा राम नवमी, झुला, छठ र दशैं हुन् । साथै यो क्षेत्र मिथिला कला, संस्कृति, चालचलन र परम्पराको ऐतिहासिक विरासतका लागि पनि परिचित छ । लोकगीत, लोकज्ञान, नाट्य परम्परा जीवन्त मिथिला संस्कृतिका केही उदाहरणहरू हुन् । विश्व प्रसिद्ध मिथिला कला, राम लीला, राजा सलहेसका नाटक, झिझिया नृत्य आदि शहरका अमूर्त सम्पदा हुन् ।

**चुनौति तथा अवसरहरू**

**चुनौतिहरू**

- स्थानीय कला, संस्कृति र परम्पराप्रति युवाहरूको घट्दो आकर्षण
- यस विषयमा अपर्याप्त अनुसन्धान, सिकाइ तथा शिक्षण
- आफ्नो सम्पदाप्रति असचेत वा कम सचेत नागरिक
- सम्पदा संरक्षण र विकासमा न्यून जनचेतना

**अवसरहरू**

- स्थानीय साथै संघीय सरकार जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न उत्सुक हुनु
- शहरमा पर्यटन व्यवसायले गति लिनु
- सम्पदा संरक्षणलाई पर्यटन तथा स्थानीय समुदायको जीविकोपार्जनसँग आवद्ध गर्न सक्ने सम्भावना रहनु
- स्थानीय विश्वविद्यालय तथा प्रदेश सरकारले स्थानीय कला, संस्कृति तथा सिर्जनशीलता सम्बन्धमा अध्ययन अनुसन्धान गर्न सक्ने अवस्था हुनु
- स्थानीय कला, नृत्य, नाटक तथा प्रदर्शनहरूलाई शहरको पर्यटकीय उत्पादनका रुपमा बढावा दिन सकिने सम्भावना हुनु

## १.२ जनसांख्यिक तथा सामाजिक-आर्थिक सूचकहरू

### १.२.१ जनसांख्यिक अवस्था

विगत एक दशकमा विशेषगरी नगरपालिका पुनर्संचरनाका क्रममा सन् २०१४ मा र राज्यको पुनर्संरचनाका क्रममा सन् २०१७ मा नगरपालिकाको सिमाना हेरफेर हुँदा शहरको जनंख्यामा आमूल परिवर्तन आएको छ। सन् २०११ मा करिब एक लाख जनसंख्या सहित यो शहर नगरपालिकाको रुपमा रहेको थियो भने सन् २०१७ मा ११ वटा छिमेकी गाविसहरू गाभिए पछि एक लाख पचास हजार जनसंख्यासहित उपमहानगरपालिका भयो। जनसंख्या वृद्धिको प्रवृत्ति हेर्दा छिमेकी वस्ती तथा जिल्लाबाट औपचारिक बसाइसराइ विना आएर बसेका हुँदा यसले गलत जनसांख्यिक तथ्यांकको सम्भावना बढाएको छ। सीमान्त क्षेत्रमा घर निर्माणको अवस्था हेर्दा जनसंख्या वृद्धिसँग तालमेल खाँदैन।शहरको वडागत तथ्यांक तालिक क २ मा दिइएको छ :

तालिका क २ जनकपुरधामको वडागत जनसंख्या र जनघनत्व

| क्र.सं. | वडा नं. | पुरुष | महिला | कुल | घरधुरी संख्या | क्षेत्रफल (व.कि.मी.) | जनघनत्व/ व.मी. | जनघनत्व/ व.कि.मी. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ४८४२ | ४०८३ | ८९२५ | १८३० | ०.७७ | ८६ | ११५९१ | |
| २ | २ | २४०२ | २१०२ | ४५०४ | ७८४ | ०.४३ | ९५ | १०४७४ | |
| ३ | ३ | ८५४ | ७७४ | १६२८ | २९३ | ०.०५ | ३१ | ३२५६० | |
| ४ | ४ | ७९६५ | ७१६८ | १५१३३ | ३१८९ | २.५४ | १६८ | ५९५८ | |
| ५ | ५ | १२२३ | १०३२ | २२५५ | ३८२ | ०.०२ | ९ | ११२७५० | |
| ६ | ६ | १९०७ | १८५० | ३७५७ | ६१३ | ०.२५ | ६७ | १५०२८ | |
| ७ | ७ | ३९७७ | ३३७४ | ७३५१ | १४५६ | १.६९ | २३० | ४३५० | |
| ८ | ८ | ५३४६ | ४५१० | ९८५६ | २०३२ | २.३ | २३३ | ४२८५ | |
| ९ | ९ | ३९६६ | ३२१० | ७१७६ | १६११ | ०.९९ | १३८ | ७२४८ | |
| १० | १० | १७९६ | १६३२ | ३४२८ | ६३३ | ०.२१ | ६१ | १६३२४ | |
| ११ | ११ | २४३६ | २१७८ | ४६१४ | ८३८ | ०.१८ | ३९ | २५६३३ | |
| १२ | १२ | ३०४३ | २८१९ | ५८६२ | १०६२ | ३.५९ | ६१२ | १६३३ | |
| १३ | १३ | २९०६ | २७४९ | ५६५५ | १०७१ | ३.७६ | ६६५ | १५०४ | |
| १४ | १४ | ४१४६ | ३९६६ | ८११२ | १६९४ | ३.११ | ३८३ | २६०८ | |
| १५ | १५ | १५९३ | १५०० | ३०९३ | ५३१ | १.४९ | ४८२ | २०७६ | |
| १६ | १६ | ३४३६ | २९९१ | ६४२७ | ११६४ | ३.२४ | ५०४ | १९८४ | |
| १७ | १७ | ५१५६ | ४९६३ | १०११९ | १७८७ | **१०.४८** | १०३६ | ९६६ | |
| १८ | १८ | २८८० | २९०२ | ५७८२ | १०५६ | ६.४४ | १११४ | ८९८ | |
| १९ | १९ | ४२४१ | ४१८७ | ८४२४ | १६५६ | १३.२६ | १५७४ | ६३५ | |
| २० | २० | ३८४७ | ४०८७ | ७९३४ | १४३४ | ८.४६ | १०६६ | ९३८ | |
| २१ | २१ | ४१२४ | ३६९१ | ७८१५ | १३५० | ७.९८ | १०२१ | ९७९ | |
| २२ | २२ | १४०७ | १५४१ | २९४८ | ५३६ | ३.४५ | ११७० | ८५४ | |
| २३ | २३ | ३४०७ | ३५३८ | ६९४५ | ११९२ | ४.७८ | ६८८ | १४५३ | |
| २४ | २४ | ३८९० | ३६६८ | ७५५८ | १२१३ | ६.५२ | ८६३ | ११५९ | |

| क्र.सं. | वडा नं. | पुरुष | महिला | कुल | घरधुरी संख्या | क्षेत्रफल (व.कि.मी.) | जनघनत्व/ व.मी. | जनघनत्व/ व.कि.मी. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| २५ | २५ | ३४८६ | ३४४१ | ६९२७ | ११८२ | ५.९८ | ८६३ | ११५८ | |
| कुल | | ८४२७६ | ७७९५६ | १६२२२८ | ३०५८९ | ९१.९७ | ५६७ | १७६४ | |

*स्रोतः अध्ययन टोली, आइयुडीपी, २०७५*

जनसंख्या वृद्धि दर भित्री वडाहरू (शहरी केन्द्र) मा करिब २.८३ प्रतिशत रहेको छ भने सीमान्त वस्तीहरूमा यो नकारात्मक छ । आइरहेको लगानीको आकार र शक्तिको केन्द्रीकरणले आउँदा दशकहरूमा शहरमा बसाइसराइ र जनसंख्या वृद्धिको ठूलो चाप हुने देखिन्छ । यस परिवेशमा जनसंख्या वृद्धि २.५ प्रतिशत हुने अनुमान गर्न सकिन्छ र यसअनुसार यस उपमहानगरको जनसंख्या सन् २०२१ मा १७५०००, सन् २०३१ मा २२५००० र सन् २०४१ मा २९०००० पुग्ने देखिन्छ । यसबाहेक, शहरमा एउटा राजधानी शहर/वस्तीको आवश्यक हुनेछ । आगामी २० वर्षमा यहाँको जनसंख्या, राजधानी शहर र सम्बन्धित पूर्वाधारको आवश्यकता पूर्ति गर्न करिब १००० हे. जमिनको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

## १.२.२ विकास सूचकहरू

जनकपुरधामका विकासका आधारभूत सूचक तथा तथ्यांक तालिका क.३ मा दिइएको छ :

तालिका क ३ जनकपुर उपमहानगरको विकासका आधारभूत सूचक तथा आधाररेखा

| सूचक | मान | स्रोत |
|---|---|---|
| विद्युत्को पहुँच भएको जनसंख्या | ९२% | के.त.वि. तथा नगरपालिका |
| खाना पकाउन दाउरा तथा गुइँठा प्रयोग गर्ने जनसंख्या | २२% | |
| खाना पकाउन ग्याँस प्रयोग गर्ने जनसंख्या | ६१% | |
| खाना पकाउन विद्युत् तथा वैकल्पिक ऊर्जा प्रयोग गर्ने जनसंख्या | १७% | |
| आफ्नै घर भएको जनसंख्या | ९२% | |
| भाडाको घरमा बस्ने जनसंख्या | ७% | |
| पाँच वर्ष माथिको उमेर समूहमा साक्षरता | ६३% | |
| पुरुष साक्षरता | ७३% | |
| महिला साक्षरता | ५४% | |
| विद्यालयमा पढ्ने औसत वर्ष | २.९ | |
| स्वयम् विद्यालय भर्ना हुने दर | ९५% | जिल्ला वस्तुगत विवरण,युएनएफसीओ पूर्वी क्षेत्र, विराटनगर, २०१३ |
| माध्यमिक विद्यालयको भर्ना दरमा लैंगिक समानता | ०.८८ | |
| निरपेक्ष गरिबीको दर | २७.७ | आवधिक योजना, प्रदेश २ |
| बहुआयामिक गरिबी दर | ४७.९ | |
| प्रतिव्यक्ति आम्दानी | ७९९ अमेरिकी डलर | |
| मानव विकास सूचकांक | ०.४२१ | आवधिक योजना, प्रदेश २ |
| औसत आयु | ७०.४ वर्ष | |
| शिशु मृत्युदर (प्रति ००० जीवित जन्ममा) | ९ | |
| खेर गएको जमिन | ११.१०% | |
| पक्की घर भएको जनसंख्या | ४८.३५% | |

| सूचक | मान | स्रोत |
|---|---|---|
| शौचालय सुविधा | ७१% | |
| बेरोजगारी दर | २०.१०% | |
| पुरुषको बेरोजगारी दर | १५.३% | |
| महिलाको बेरोजगारी दर | २८.६% | |
| जमिनमा महिलाको स्वामित्व | ११.९% | |
| १९ वर्षमुनिका विवाहित महिला | ८६% | |
| १५ वर्षमुनिका विवाहित महिला | २२% | |
| पाँच वर्षमुनिका पुड्का बालबालिका | ३७.७% | प्रदेश तह |

## १.३ नगरपालिका पूर्वाधार तथा सेवाहरू

### १.३.१ सडक तथा यातायात

यो शहर नेपालका अधिकांश शहरहरूसँग सडकबाट जोडिएको छ। अन्तर शहर मानिस तथा वस्तुको आवागमनलाई सहजीकरण गर्दै बस सेवा उक्त रुटहरूमा दिन रात सञ्चालन हुन्छन्। काठमाडौं तथा जनकपुरकाबीचमा साना सवारी साधन पनि सञ्चालन हुन्छन्। दैनिक चार उडान सहित यो शहर काठमाडौंसँग हवाइ मार्गबाट जोडिएको छ। हवाइ मैदान शहरको दक्षिणी भेगमा अवस्थित छ र निकट भविष्यमा भारतमा उडान भर्ने लक्ष्य सहित यो हवाई मैदानको स्तरोन्नति भइरहेको छ। साथै एउटा चार लेनको सडक, एउटा छ लेनको सडक तथा रेल मार्गबाट यस शहरको भारतसँग भारतसँग सहज पहुँच रहेको छ। उत्तरी भारतको एउटा राज्य विहारको राजधानी पटनासम्म दैनिक बस सेवा सञ्चालनमा रहेको छ। यसका अतिरिक्त नेपाल तथा भारतका सरकारहरू भगवान रामको जन्मभूमि अयोध्या तथा माता सीताको जन्मभूमि जनकपुरबीच दैनिक बस सेवा सञ्चालन गर्ने सहमति भएको छ। नेपालको एक मात्र रेल मार्ग, जनकपुर-जयनगर (भारत) पुनः सञ्चालन हुँदैछ जहाँबाट सीधा नयाँ दिल्ली, कलकत्ता तथा अन्य भारतीय शहरहरूसम्म जाने रेल सेवा पाइन्छ।

शहरमा सडक सञ्जालको श्रेणी रहेको छ, जसमा मुख्य सडक अन्तर्गत नजिकका वस्ती जोड्ने सडक तथा १६ मिटर चौडाइको चक्रपथ रहेको छ भने दोस्रो श्रेणीको सडकमा ८/६ मिटर चौडाइको केन्द्रीय व्यापारिक क्षेत्रमा रहेको सडक पर्दछ। तेस्रो श्रेणीको सडकमा आसपासबाट सञ्चालन हुने ४ मिटर चौडाइका सडक रहेका छन्। अन्य सडक गल्ली हुन्। चक्रपथभित्रका सबै मुख्य सडक तथा मुख्य सहायक सडक कालोपत्रे छन् भने यिनलाई जोड्ने सडक र गल्लीहरू चाहिँ कंक्रिट वा ग्राभेल छन्। चक्रपथ बाहिरका सडक ग्राभेल अथवा धुलेछन्, यिनको विवरण तालिका क ४ मा दिइएको छ :

तालिका क ४ सडक सञ्जालको प्रकार र लम्बाइ

| क.सं. | सडक सतहको प्रकार | लम्बाइ कि.मी. |
|---|---|---|
| १ | कालोपत्रे | ७५.६५ |
| २ | धुले | ३५३.२३ |
| ३ | ग्राभेल | २२.४६ |

| | | |
|---|---|---|
| ४ | राजमार्ग | २.८२ |
| ५ | रेल वे लिग | ८.५५ |
| ६ | कंटसीसी / आरसीसी) | २३.४९ |
| कुल | | ४८६.२ |

*स्रोतः जनकपुर उपमहानगरपालिका, २०७५, जनकपुर नगरपालिकाको एक संक्षिप्त जानकारी २०६८, विद्यमान स्थलगत तथ्यांक, २०७५, आइयुडीपी २०७५*

शहरभित्रको आवागमनको मुख्य साधनमा मुख्यतया सफारी अथवा टुक-टुकका नामले चिनिने १०० वटा इ-रिक्सा र ३०० अटोरिक्साहरू रहेका छन् । नगर बसहरू (१२ वटा मिनीबस) सार्वजनिक यातायातका रुपमा मुख्य तथा सहायक सडकहरूमा सञ्चालन हुन्छन् । यातायातका अन्य साधनहरूमा मोटरसाइकल तथा साइकलहरू रहेका छन् । सडकमा धेरै न्यून संख्यामा कार गुडेका देखिन्छन् । नजिकका शहर अथवा गाउँहरूबाट व्यवसाय वा सरकारी वा सेवा क्षेत्रमा काम गर्नका लागि मानिसहरू दैनिकरुपमा अन्तर-शहर बस सेवा वा व्यक्तिगत मोटरसाइकलबाट आवत-जावत गर्दछन् । दैनिक आवतजावतको औसत दुरी २० कि.मी. रहेको छ, जुन सार्वजनिक यातायातका साधन प्रयोग गर्दा करिब एक घण्टाको समय हुन आउँछ ।

### १.३.१.२ चुनौति तथा अवसरहरू

मुख्य चुनौतिहरू देहायअनुसार छन् :

- शहरभित्र अथवा अन्तर-शहर सार्वजनिक यातायातका लागि व्यवस्थित बस पार्कको कमी हुनु । प्रदेश २ को राजधानी भएकाले यहाँ अन्तर-प्रदेश बसपार्कको आवश्यकता छ ।
- सार्वजनिक यातायातको लागि कुनै तोकिएको रुट नहुनु
- सम्पदा क्षेत्र बाहिर तथा मुख्य व्यापारिक क्षेत्रलगायत कुनै पनि स्थानमा पार्किङ सुविधानहुनु
- शहरको केन्द्रीय भाग र सीमान्त वडाहरू जोड्ने सार्वजनिक यातायात नहुनु
- यात्रुहरूलाई चढाउन तथा ओराल्नका लागि पार्किङ तथा बस स्टपको अभाव हुनु

मुख्य अवसरहरू देहायअनुसार छन् :

- अन्तर-प्रदेश बस टर्मिनल (IPBT) तथा शहरको आन्तरिक यातायातका लागि बस पार्क निर्माण गर्न चक्रपथ बाहिर गुठी जग्गाको उपलब्धता
- शहरको आकार तथा कारको संख्या कम भएकाले केन्द्रीय व्यापारिक क्षेत्र तथा सम्पदा क्षेत्र वरिपरि साना पार्किङ क्षेत्रहरू निर्माण गर्न सकिने सम्भावना रहनु
- मुख्य तथा सहायक सडकहरूमा वृक्षारोपणसहित फुटपाथ तथा साइकल लेन निर्माण गरी पैदल तथा साइकिल यात्रालाई प्रवर्द्धन गर्न सकिने सम्भावना रहनु

## १.३.२ खानेपानी तथा सरसफाइ

यो शहर भूमिगत पानीमा निर्भर छ । दैनिक प्रतिव्यक्ति १२० लिटर पानी आवश्यकताको अनुमान गर्दा यहाँ दैनिक करिबदुई करोड लिटर (20 MLD)पानी आवश्यक पर्ने देखिन्छ,जबकि यद्यपि नगर खानेपानी सेवाले ३००० व्यक्तिगत

धारा तथा ४२ सामुदायिक धारामार्फत् १.८ करोड लिटर पानी मात्र उपलब्ध गराउँदछ। बाँकी घरधुरीहरू व्यक्तिगत हाते पम्पमा भर पर्दछन्। भूमिगत पानीको घट्दो अवस्थाले शहरको खानेपानी आपूर्तिमा चुनौति थपिएको छ। नेपाल सरकारले यस क्षेत्रका हाते पम्पका खानेपानीमा आर्सेनिक परीक्षण सर्भे गरेकोमा आर्सेनिक देखिएको थिएन। यद्यपि भूमिगत पानीमा रहेको अत्यधिक फलाम तत्वका कारण पानीमा नमीठो गन्ध रहेको छ।

सरसफाइतर्फ, वडा नं. १ देखि १६ सम्म सबैजसो घरधुरीमा सेप्टिक ट्यांकीसहितको शौचालय रहेको छ। सीमान्त वडा/वस्तीहरूका करिब ६० प्रतिशत घरधुरीमा सेप्टिट्यांकी सहितको शौचालय रहेको छ। स्थानीय सरकारको ठूलो प्रयासका बाबजुद सीमान्तकृत समुदायमा खुला स्थानमा दिसा गर्ने प्रचलन अद्यापि कायम छ। शौचालयलाई नगरपालिकाबाट लिने हरेक सेवा सुविधाका लागि पूर्वशर्तका रुपमा राखिएको छ। शहरी क्षेत्रमा करिब १० वटा सार्वजनिक शौचालय प्रयोगमा रहेका छन् भने करिब २० वटा प्रयोगविहीन रहेका छन्। पर्व तथा उत्सवहरूमा अस्थायी शौचालय निर्माण गर्ने गरिएको भए पनि सार्वजनिक सरसफाइमा ठूलो चाप पर्ने गरेको छ। सेप्टिट्यांकीबाट दिसा संकलन गरी शहर बाहिरका सीमान्त क्षेत्रका धान खेतमा कुनै प्रशोधनविना विसर्जन गर्ने चलन रहेको छ। नगरपालिकामा रहेका तीन वटा ट्र्याक्टरहरूले सेप्टि ट्यांकीको सरसफाइ गर्ने गरेका छन्।

बन्द र खुला दुवै किसिमका ढल जोड्दा उपमहानगरमा कुल ४८.५९ (१७.५+३१.०८) कि.मी. ढल रहेको छ। IUDP/ADP ले मुख्य शहरी भागमा ३१.०८ कि.मी. ढल निर्माण गरेको छ। नगर सरकारले संघीय सरकारसँगको सहकार्यमा ढल प्रणाली शहरभरि विस्तार गर्ने योजना बनाएको छ।

### १.३.२.१ चुनौति तथा अवसरहरू

**चुनौतिहरू:**

- घट्दो भूमिगत पानीको स्रोत
- खानेपानी आपूर्ति सेवा जडान गर्न स्थानीय समुदाय अनिच्छुक हुनु
- ट्यूब वेलको खानेपानी कत्तिको ओसार्न मिल्ने हो, खानेपानी परीक्षण सुविधाको अभाव हुनु
- सम्पूर्ण शहरलाई सेवा दिन सक्ने खानेपानी प्रणालीको अभाव हुनु
- दिसा/ढल प्रशोधन सुविधाको अभाव हुनु
- सम्पदा क्षेत्र, मुख्य व्यापारिक क्षेत्र तथा अन्य क्षेत्रहरूका लागि सार्वजनिक सरसफाइ योजनाको अभाव हुनु
- नगरपालिकाको कार्यालयको आफ्नै सरसफाइमा प्रश्न चिन्ह लाग्ने अवस्था हुनु
- बंगुर र छाडा छोडिएका गाई वस्तुहरू हुनु
- ठूला महोत्सवहरूका समयमा सरसफाइको प्रबन्ध चुनौतिपूर्ण हुनु

- अवसरहरु जलाध तथा दूधमती नदी खानेपानीको स्रोतका रुपमा हुन सक्ने
- भूमिगत पानीको पुनर्भरण(recharging) का लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम
- खानेपानी तथा सरसफाइ विभाग अन्तर्गत तलाउहरूको संरक्षण र विकास हुँदा यसले भूमिगत पानीको पुनर्भरणमा योगदान पुग्न सक्ने

- विद्यालय तथा सीमान्तकृत समुदायको सरसफाइमा युनिसेफले कार्य सुरु गर्नु
- सरसफाइ स्थानीय सरकारको उच्च प्राथमिकतामा रहनु

### १.३.३ फोहोर मैला व्यवस्थापन

यस शहरको कुनै तोकिएको फोहोर मैला व्यवस्थापन पद्धति रहेको छैन । शहरको केन्द्रीय भाग तथा मुख्य व्यापारिक क्षेत्रमा जम्मा भएको फोहोर नगरपालिकाले दैनिक रुपमा तीन वटा ट्र्याक्टर, दुई वटा टिपर, ६१ जना सरसफाइ कर्मचारी तथा पाँच जना सुपरीवेक्षकमार्फत् संकलन गर्दछ । तर ल्याण्डफिल साइटको अभावमा संकलित फोहोर राजमार्ग, नदी तथा तलाउको नजिक, खुला क्षेत्र तथा शहरको पल्लो भागमा थुपार्ने गरेको छ । अन्य क्षेत्रहरूमा मानिसहरूले नजिकका सार्वजनिक स्थल, निजी खुला जमिन तथा तलाउहरूमा थुपार्दछन्, यसबाट शहरको स्वरुपमा ह्रास आएको छ र फोहोरको थुप्रो जम्मा भएको छ । दूषित तलाउ तथा हावाको गुणस्तरले गर्दा शहरको सौन्दर्यमाथि सम्झौता/खेलवाड भएको छ । एक दशक पुरानो अध्ययन प्रतिवेदनअनुसार करिब ७३ प्रतिशत फोहोर जैविक रुपमा नष्ट हुने खालको, १७ प्रतिशत औद्योगिक फोहोर र बाँकी ५ प्रतिशत प्लाष्टिक तथा अन्य विभिन्न किसिमका फोहोर हुने गरेका छन् । नगरपालिका अधिकारीहरूसँगको छलफल तथा अवलोकन अनुसार जनकपुर चुरोट कारखाना बन्द भएसँगै औद्योगिक फोहोरमा कमी आएको छ भने अस्पताल तथा प्लाष्टिकजन्य फोहोरको मात्रामा वृद्धि भएको छ । हालैको समयमा नगरपालिका तथा नेपाल सरकारले ल्याण्डफिल साइट निर्माण गर्ने प्रयास गरेको भए पनि स्वीकार्य स्थल प्राप्त गर्न सकेनन् ।

#### १.३.३.१ चुनौति तथा अवसरहरू

**चुनौतिहरू:**

- ल्याण्डफिल साइटका लागि नगरपालिकाको वरिपरि स्वीकार्य र उपयुक्त स्थान प्राप्त गर्न नसक्नु
- निम्नस्तरको साक्षरता तथा सरसफाइ र फोहोरको वर्गीकरण सम्बन्धमा न्यून जनचेतना

**अवसरहरू:**

- स्थानीय समुदायमा बढ्दो जनचेतना
- शहरको फोहोर व्यवस्थापनमा निजी व्यवसायी समूह तथा अन्तर्राष्ट्रिय निकायहरूको बढ्दो चासो
- नगरपालिका तथा स्थानीय उद्योग वाणिज्य संघको प्रतिबद्धता
- फोहोर व्यवस्थापनमा नयाँ र सिर्जनशील प्रविधिहरूको उदय जस्तैः 3R, वृत्तिय अर्थतन्त्र, फोहोरबाट ऊर्जा

## १.३.४ विद्युत्, सूचना र सञ्चार

शहरका २५ वटै वडा नेपाल विद्युत् प्राधिकरणको विद्युत् आपूर्ति सञ्जालमा जोडिएका छन् । २५,००० भन्दा बढी घरधुरीमा विद्युत् जोडिएको छ, साथै ५००० सडक बत्ती र करिब ५० ठुला-बत्ती (Mass Light) सडक पार गर्ने मुख्य स्थलहरूमा जोडिएको छ । ट्रान्सफरमर जोड्न बाँकी भएकाले वडा नं. १२, १४, १७ र २४ का केही घरधुरीमा विद्युत् जोडिएको छैन ।

मोवाइल फोन तथा एफएम यस शहरमा सूचना तथा सञ्चारका मुख्य माध्यमका रुपमा रहेका छन् । प्रायः सबै घरधुरीको यी सुविधामा पहुँच रहेको छ । नेपाल टेलिकम जनकपुरले उपलब्ध गराएको सूचना अनुसार यहाँ कुल ७,३०७ ल्याण्डलाइन उपभोक्ता, ७०,००० प्रिपेड मोवाइल प्रयोगकर्ता तथा ३,००० पोष्टपेड मोवाइल प्रयोगकर्ता रहेका छन् । यसका अतिरिक्त यहाँ २३ वटा विभिन्न समाचारपत्र तथा पत्रिकाका कार्यालय, ७ वटा एफ.एम. स्टेशन, एक वटा

हुलाक, १३ वटा इन्टरनेट सेवा प्रदायक, ३ वटा केवल र ६ वटा पत्रवाहक (courier) रहेका छन्। र यी सबै सुविधाहरू हरेक वर्ष वृद्धि हुँदै गइरहेका छन्। यो उपमहानगरपालिका आधुनिक प्रविधिद्वारा सज्जित छ र नागरिकलाई विभिन्न प्रकारका सेवाहरू प्रदान गर्दै आएको छ। यो शहर अप्टिकर फाइबरको राष्ट्रिय प्रणालीमा जोडिएको छ।

तालिका क १.५ सूचना तथा सञ्चार

| | |
|---|---|
| ल्याण्डलाइन फोन | ७३०७ |
| प्रिपेड मोबाइल | ७०००० |
| पोष्टपेड मोबाइल | ३००० |
| समाचारपत्र तथा पत्रिका | २३ |
| एफ.एम./रेडियो | ६ |
| हुलाक | १ |
| इन्टरनेट सेवा प्रदायक | १२ |
| केवल | ३ |
| प्रेस | २४ |
| पत्रवाहक (courier) | ६ |


*स्रोत: जनकपुर दर्पण, २०६५/०६६*

विद्युत् तथा सञ्चार माध्यम दुवैमा गुणस्तर मुख्य चिन्ताको रुपमा रहने गरेको छ।

# अनुसूची २: दीर्घकालीन सोच तर्जुमा विधि

जनकपुरधाम उपमहानगरपालिकाको दीर्घकालीन सोच " जनकपुरधाम २१००" को अवधारणापत्र तर्जुमा गर्न नवीनतम वैज्ञानिक तथा समावेशी सहभागितामूलक विधि अवलम्बन गरिएको छ। सुदृढ परियोजनाको प्राविधिक टोली, क्षेत्रगत विज्ञ र पोखरा महानगरपालिकाका प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समेतको सहमतिमा तयार पारिएको ५ चरणको कार्यविधियस अवधारणापत्र तर्जुमाको प्रमुख आधार हो । उक्त कार्यविधिलाई २०७६ माघ १३ मा उपमहानगरका वडाअध्यक्षहरु र निजी तथा सामाजिक क्षेत्रका सरोकारवालाहरु समेत उपस्थितिमा आयोजित अभिमुखीकरण कार्यशाला गोष्ठीमा प्रस्तुत गरी पारित गरिएको छ। सोही कार्यशालाको निर्णय अनुरुप दीर्घकालीन सोच तर्जुमाको समग्र प्रक्रियालाई मार्गदर्शन र प्रदेश सरकार लगायत अन्य सरकारी निकायसँग उच्चस्तरीय समन्वयका लागि नगर प्रमुख श्री लाल किशोर साहज्यू को अध्यक्षतामा निर्देशक समिति गठन गरिएको थियो। त्यसैगरी, वडास्तरमा अन्तर्क्रिया तथा छलफल गरी राय सुझाव संकलन गर्न र अन्य सरोकारवालाका साथै विषय विज्ञहरुसँग समन्वय गरी सुदृढ परियोजनाको प्राविधिक टोलीलाई सहयोग गर्न नगर प्रमुखले एक जना वडा अध्यक्षको संयोजकत्वमा एक कार्यदल गठन गरी परिचालन गरिएको थियो । सो कार्यदलमा २ जना निर्वाचित महिला (नगरसभा सदस्य), ३ जना विभिन्न विषय विज्ञ र ४ जना निजी क्षेत्र/नागरिक समाजका प्रतिनिधिहरू सदस्य रहेका थिए ।

भिजन, रणनीति तथा योजना तर्जुमाको प्रक्रिया तल चित्रमा दिइएको छ ।




*चित्र १: दीर्घकालीन सोच तर्जुमा विधि*

सबैभन्दा पहिलो चरणमा जनकपुरधाम उपमहानगरपालिकाको पृष्ठभूमि तथा सन्दर्भ सामग्रीको अध्ययनबाट यहाँको आर्थिक सामाजिक वस्तुस्थितिको आकलन र नगरका निर्वाचित पदाधिकारीहरुसँग सुरुवाती छलफल गरियो । यसै क्रममा महानगरले अवलम्बन गरेको विकास प्रयास, सञ्चालित प्रमुख आयोजनाहरुको विषयमा जानकारी हासिल गरियो । साथै विगतमा गरिएका योजनावद्ध विकासका अभ्यासहरू तथा त्यस क्रममा प्राप्त भएका सिकाई र उपमहानगर बनेपछिको परिस्थितिमा यसको विकास सम्भावना, अवसर तथा चुनौतीहरूको विश्लेषण गरियो ।

दोस्रो चरणमा उपमहानगरपालिका कार्यालयमा दीर्घकालीन सोच तर्जुमाका विषयमा परिचयात्मक कार्यक्रम तथा निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाहरुका लागि अभिमुखीकरण कार्यशाला गोष्ठी आयोजना गरी कार्यविधि पारित गरियो। यही छलफलबाट निर्देशक समिति र कार्यदल पनि गठन गरियो। त्यसपछि निर्देशक समितिको

मार्गदर्शन अनुरुप कार्यदलको समन्वयमा छनोट गरिएका विषयविज्ञहरु अर्थशास्त्री, शहरी तथा क्षेत्रीय योजनाकार, सामाजिक सांस्कृतिक विकास विज्ञ, पत्रकार, राजनीतिक व्यक्तित्व, शिक्षाविद् आदिसँग सम्बन्धित विषयमा सुझाव संकलन र अन्तरक्रिया गरियो । साथै, दीर्घकालीन सोच तर्जुमा सम्बन्धी विस्तारित कार्यशालामा विषयगत कार्यपत्र प्रस्तुतिकरणका लागि प्रस्तोताहरूको छनौट र निर्देशक प्रश्नहरु तय गरियो । छनौट भएका विज्ञहरूका लागि निम्न प्रश्नहरूमा आधारित रहेर सुझाव दिन र प्रस्तुतिकरण गर्न आग्रह गरिएको थियो ।

**मुख्य प्रश्न : आगामी २० देखि ३० वर्षको अवधिमा** जनकपुरधाम **लाई एक समुन्नत शहर, उत्तम कार्यक्षेत्र र बसोबासका लागि सबैको रोजाइको शहर बनाउन यसलाई कसरी विकास गर्नु पर्ला ?**

**सहायक प्रश्नहरू :**

- जनकपुरधामको प्रमुख पहिचान के हो र यो कसरी विकास हुँदै आएको छ ?
- वातावरण संरक्षण, जलवायु परिवर्तन विपद् व्यवस्थापनका दृष्टिले जनकपुरधामका प्रमुख जोखिम, अवरोध र सम्भावनाहरु के के हुन् ?
- जनकपुरधामकौ शासन तथा संस्थागत प्रणाली कसरी विकसित हुँदै आएको छ ?
- जनकपुरधाम उपमहानगरमा छिमेकी गाविसहरु समेत एकीकरण भएपछि यसको विकासका सम्भावना कस्तो देख्नु भएको छ ?
- अबको २५ वर्षमा राष्ष्ट्रिय तथा अन्तर्राष्ष्ट्रिय मानचित्र र परिवेशमा जनकपुरधामलाई कुन स्थानमा रहेको देख्न चाहनु हुन्छ ?
- आगामी २५ वर्षमा जनकपुरधामकलाई यहाँले देख्नु भएको स्थानमा पुऱ्याउनका लागि के कस्ता रणनीतिक योजना तथा कार्यक्रमहरु आवश्यक पर्लान् ?

तेस्रो चरणमा २ दिने विस्तारित दीर्घकालीन सोच निर्धारण कार्यशाला गोष्ठी आयोजना गरियो । सो गोष्ठीको पहिलो दिनको प्रथम सत्रमा ६ जना विषयविज्ञहरूबाट जनकपुरधाम उपमहानगरपालिकाको दीर्घकालीन सोचबारे प्रस्तुतीकरण भए । प्रस्तुतिकरणपछि प्रस्तुतकर्ता विज्ञहरू, नगर प्रमुख र उपप्रमुखसहितको प्यानल छलफल गरी सहभागीहरूबाट राय, सुझाव संकलन गरियो । गोष्ठीको दोस्रो दिन पहिलो दिनबाट आएको निष्कर्षमाथि परामर्श एवम् विषयगत क्षेत्रमाथि विकासका अग्रणी क्षेत्रहरु पहिचान गर्नुका साथै सम्भावना तथा चुनौतीहरूबारे पनि छलफल गरियो ।

चौथो चरणमा कार्यशाला गोष्ठीबाट आएका निष्कर्षबाट जनकपुरधाम उपमहानगरपालिकाको दीर्घकालीन सोच तथा रणनीतिक कार्ययोजनाहरूको मस्यौदा तयार गरी आम नगरबासीबाट थप राय, सुझाव संकलन गर्न नगरपालिकाको वेबसाइटमा राखिएको थियो ।

पाँचौ चरणमा सबै राय, सुझाव सम्मिलित गरी यस प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । यस प्रतिवेदन जनकपुरधाम उपमहानगरपालिका र नगर कार्यपालिकामा प्रस्तुत गरी पारित गरिने आशा गरिको छ । यसैको आधारमा नगरपालिकाले आगामी आर्थिक वर्षहरुको योजना तथा कार्यक्रम निर्धारण गर्नेछ ।

यस जनकपुरधाम **२१०० तथा आवधिक रणनीतिक कार्ययोजना** (२०७७-८२) प्रतिवेदनमा जनकपुरधाम उपमहानगरपालिकाको दीर्घकालीन सोच तथा संक्षिप्त रणनीतिक कार्ययोजना समावेश गरिएको छ । समावेशी स्थानीय आर्थिक विकासबारे बेग्लै प्रतिवेदन तयार गरिएको छ । जसको लक्ष्य, उद्देश्य तथा कार्यनीति संक्षिप्त रुपमा यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## दीर्घकालीन सोच तर्जुमाका सीमा

दीर्घकालीन सोच तर्जुमा निर्माणका सीमाहरु निम्न रहेका छन् :

क) जनकपुरधाम उपमहानगरपालिकाकौ विस्तृत सर्भेक्षण हाल नभएका कारणले जनसंख्या तथा आर्थिक सामाजिक तथ्याङ्कहरु २०६८ सालको जनगणनामा आधारित छन् । त्यसैगरी महानगरस्तरीय मानव विकास सूचकाङ्कहरु पनि उपलब्ध नभएको स्थितिमा जिल्लाको सूचकाङ्कलाई आधार मानिएको छ ।

ख) यस प्रतिवेदनको कार्यसीमा रणनीतिक कार्ययोजना मात्र तयार गर्ने भएकोले विस्तृत कार्यक्रम, उक्त कार्यक्रमको लागि लाग्ने खर्च, आम्दानीको स्रोत, कार्य समय तालिका तथा प्रत्येक खर्चको लागि जिम्मेवार निकाय आदि विस्तृत विवरण समावेश गरिएको छैन । महानगरपालिकाले आफ्नो बार्षिक योजना तथा कार्यक्रम निर्माण गर्न यस प्रतिवेदन सहायक हुने आकलन गरिएको छ

**This document has been prepared with the support of the Nepal Urban Resilience Programme (Sudridh-NURP), funded by UK Aid from the UK government; however, the views expressed do not necessarily reflect the UK government's official policies.**

SUDRIDH

Nepal Urban Resilience Project (NURP)

UKaid

from the British people